# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक ५९ | काठमाडौं | बुधबार, ६ असार २०८० | Prabhab National Daily | Wednesday, June 21, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**लोकतन्त्रको आधार : सूचनाको अधिकार**

- सूचना दिने र लिने संस्कृतिको विकास गरौं ।
- सार्वजनिक निकायहरू खुल्ला, पारदर्शी, उत्तरदायी एवम् जवाफदेही बनौं ।
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- सूचनाको हक सम्बन्धी ऐन नियमका पूर्ण पालना गरौं र गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


कांग्रेसको रुपान्तरण अभियान

## देउवा र खड्का रूष्ट, जस लिन शेखर र गगनको होडबाजी



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका युवा नेताहरूले थालेको पार्टी रूपान्तरण अभियानले केन्द्रमा तरंग ल्याएको छ । जेठ ११ बाट सुरु भएर सोमबार सातै प्रदेशका केन्द्रदेखि विभिन्न सहरमा पुगेको अभियानप्रति केन्द्रीय सभापति शेरबहादुर देउवा र कार्यवाहक सभापति पूर्णबहादुर खड्का रुष्ट सुनिँदा डा. शेखर कोइराला र महामन्त्री गगन थापाले भने जस लिन खोजेको देखिन्छ ।

नेपालका धेरै क्षेत्रमा यसपटक तापक्रमले 'रेकर्ड ब्रेक' गर्दा कांग्रेसको रुपान्तरण अभियान देशभर पुगेको हो । तापक्रमले ४४ वर्षअघिको रेकर्ड ब्रेक गर्दा स्वास्थ्य मन्त्रालयले सर्वसाधारणलाई घरभित्रै बसेर गर्मीबाट जोगिनु भने पनि आफूहरु अभियानमा लागेको युवा नेता भुपेन्द्रजंग शाही बताउँछन् ।

सभापति देउवाले जेठ २० गते नै ललितपुरमा भएको जिल्ला सम्मेलनलाई सम्बोधन गर्दै अभियानको विरोध जनाएका थिए । 'जनतामा जाने गाली गर्ने । अर्को गए के गर्ने ? मनलागी गर्ने ?' सभापति देउवाले त्यतिबेलै प्रश्न गरेका थिए । त्यतिबेला देउवाले गाली गर्नभन्दा काम गर्नतिर लाग्न आग्रह गरेका थिए । 'अब तपाईंहरू हुनेवाला हो । म त के छ र यहाँ । सबभन्दा ठूलो पार्टी बनाइहालें । भोलिको दिनमा पार्टीलाई अझ बलियो बनाउनुछ,' उनले भने, 'म पार्टी सभापति हुने हैन अब । गाली गरेर केही हुनेवाला छैन यहाँ । काम गर्नूस् न । पार्टी बलियो बनाउनूस् । विरोध गरेर पार्टी बन्नेवाला छैन ।'

सोमबारमात्र कार्यवाहक सभापतिका रूपमा नेपाल प्रज्ञा प्रतिष्ठानमा ट्रेड युनियन कांग्रेसको सातौं महाधिवेशनलाई सम्बोधन गर्दै पूर्णबहादुर खड्काले पनि अभियानप्रति रोष प्रकट गरे । उनले अरुलाई औंला ठड्याएर हैन आफूतिर औंला ठड्याउन र परिमार्जन हुन निर्देशन दिए । 'मेरा कमजोरी र गल्तीहरूलाई सच्याएर, स्वीकारेर म रूपान्तरणका लागि तयार हुने कि नहुने ? सधैं औंला ठड्याएर होइन, आफूलाई औंला ठड्याएर, यो सुधार परिमार्जन, पुनःनिर्माण, रूपान्तरण बदल्ने सबै कुरालाई आफूलाई पहिला सबै कुरालाई प्रकट गर्छु भन्ने इमानको संकल्प, निष्ठाको संकल्पसहित समर्पित गर्ने बेला आएको छ,' उपप्रधान तथा रक्षामान्त्रीसमेत रहेका खड्काले भने ।

उनले आफ्ना कमजोरी र गल्तीहरू सच्याएर अघि बढ्नसकेमात्रै रूपान्तरण सम्भव भएको बताए । 'व्यवहारतः जीवनशैलीमा निर्णय शैलीमा, काम गर्ने शैलीमा । सबै शैलीमा म रूपान्तरण हुन तयार हुने हो, सच्याएर रूपान्तरण हुन तयार हुने भएपछि मात्रै चाहे मुलुकको होस् रूपान्तरणको प्रक्रिया सुरु हुन्छ, चाहे पार्टीको होस्, रूपान्तरणको प्रक्रिया सुरू हुन्छ,' उनले भने ।

नेपालका धेरै क्षेत्रमा यसपटक तापक्रमले 'रेकर्ड ब्रेक' गर्दा रूपान्तरण अभियान देशभर पुगेको हो । तापक्रमले ४४ वर्षअघिको रेकर्ड ब्रेक गर्दा स्वास्थ्य मन्त्रालयले सर्वसाधारणलाई घरभित्रै बसेर गर्मीबाट जोगिनु भने पनि आफूहरू अभियानमा लागेको युवा नेता भुपेन्द्रजंग शाही बताउँछन् ।

मधेसबाट सुरु भएको रूपान्तरण अभियान बागमती हुँदै कोशी पुगेर टुंगिएको हो । पार्टी रूपान्तरणका लागि बागमती, मधेस, गण्डकी, लुम्बिनी, कर्णाली, सुदूरपश्चिम र कोशी प्रदेश हुँदै डायस्पोरामासमेत अभियान चलाएको शाहीले जानकारी दिए ।

शाहीसहित गुरु घिमिरे, मधु आचार्य, रञ्जित कर्ण, जगदीश्वरनरसिंह केसी, देवराज चालिसे, भरत खड्का, सुवास पोखेल, विजुला बर्मा, धर्मेन्द्र नेम्वाङ, विष्णुदेवी पाण्डे, विक्रम खनालसहितका नेताले यो अभियानलाई अगाडि बढाइरहेका हुन् । अभियानमा नरेन्द्र केरुङ, भूपेन्द्र थापा, वंशलाल तामाङ, (बाँकी पृष्ठ ३ मा)

# बजेटमा पहिचानको छाया

■ जेबी योञ्जन



**काठमाडौं–** संघीय संसद्मा विनियोजन विधेयकमाथि छलफल जारी रहँदा प्रदेश नामकरणसँग जोडिएर पहिचानको मुद्दा जबर्जस्त उठान भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती र सहरी विकासमन्त्री सीता गुरुङले मन्त्रालयगत बजेट पुस्तिकामा पहिचानविनाको प्रदेशको नाम उल्लेख गर्न अनिच्छा प्रकट गरेका छन् । उनीहरूले पुस्तिकामा नाम नभई प्रदेशको अंक उल्लेख गरेका छन् ।

किरातीले आइतबार संसद्मा प्रस्तुत गरेको पुस्तिकाको ११ देखि १८ नम्बर पृष्ठसम्ममा कोशी प्रदेशको ठाउँमा प्रदेश-१ उल्लेख थियो । मधेस र बागमती प्रदेशको ठाउँमा क्रमशः प्रदेश २ र प्रदेश ३ थियो ।

यसप्रति प्रमुख विपक्षी दल नेकपा एमालेका सांसदहरूले नियमापत्ति जनाए । यसपछि सभामुख देवराज घिमिरेले सच्याउन निर्देशन दिएका थिए । मन्त्री किरातीले पनि सच्याएर ल्याउने भनेका थिए । तर, मंगलबार फेरि बाँडेको पुस्तिकामा अझ बाँकी छ प्रदेशको नाम नै हटाएको भेटिएको छ ।

जबकि, विभिन्न समयमा प्रदेश संसद्को दुई तिहाइ बहुमतले सबै प्रदेशको नामकरण गरेको हो । तर, मन्त्री किरातीले पटक-पटक प्रदेशको नाम उल्लेख नगरी अंक लेख्नुलाई प्रदेश नामलाई स्वीकार्नै नचाहेको अर्थमा हेरिएको छ । अर्थात् उनले प्रदेश नाम उल्लेख नगरेर आफूलाई पहिचानको कित्तामा उभ्याउन खोजेका छन् ।

तर, मन्त्री किरातीको यस्तो चलाखी एमाले सांसद सूर्य थापाले थाहा पाए । मंगलबारको संसद् बैठकमा थापाले आइतबार रोस्ट्रममा उभिएर मन्त्री किरातीले गल्ती भएको स्वीकारिसकेको अवस्थामा झन् सबै प्रदेशको नाम हटाई अर्को गल्ती गरेर झुक्याउने काम गरेको आरोप लगाए ।

- मन्त्रीद्वय किराती र गुरूङले प्रदेश नाम बजेट पुस्तिकामा लेखेनन्
- प्रदेशको नामको सट्टा अंक लेखिएपछि एमालेको नियमापत्ति
- अंकको सट्टा नाम लेख्न सभामुखको निर्देशन

'आइतबार फिर्ता भएपछि गल्ती सच्याएर ल्याएको भनिएको पुस्तिकामा सबै प्रदेशको नाम छैन । आइतबार प्रदेश नम्बर १, २, ३ लेखिएको थियो । अहिले प्रदेशको नाम सबै हटेछ,' थापाले भने, 'मन्त्रीले सबै प्रदेशको नाम किन हटाउनुभयो ? सच्याएर यो पुस्तक फेरि ल्याइयोस् । यसमा मन्त्रीको नियत के हो भन्ने प्रस्ट भयो ।'

उनले संविधानअनुसार प्रदेशसभाको दुई तिहाइ बहुमतबाट कोशी प्रदेशको नामकरण भएको अवस्थामा मन्त्री किरातीले त्यसलाई अस्वीकार गर्ने काम गरेको बताए ।

थापाले मन्त्री किराती कोशी नाममा असहमत भएर प्रदेशको नाम हटाउन लागेको दाबी गरे ।

एमाले सांसद थापाको नियमापत्तिपछि सभामुख देवराज घिमिरेले मंगलबारको बैठकमा पनि अंकको साटो प्रदेशको नाम नै लेख्न निर्देशन दिए । (बाँकी पृष्ठ २ मा)

### पहिचानले राजनीतिक गतिरोध

**काठमाडौं (प्रस)–** गत फागुन १७ गते देखि लगातार प्रदेशको पुनः नामांकनको माग गर्दै कोशी प्रदेशमा आन्दोलनरत पहिचान पक्षधर र त्यहाँको सरकारी वार्ता टोलीबीचको वार्ता सकारात्मक नभएपछि थप राजनीतिक गतिरोध चुलिएको छ । पहिचान पक्षधरहरू फेरि आन्दोलनमै गएका छन् । यसले प्रदेशमा तत्काल शान्ति सुव्यवस्था कायम नहुने छाँट देखाएको छ ।

यहीबेला संघीय सरकारका मन्त्रीहरू सुदन किराती र सीता गुरुङले आन्दोलनलाई सहयोग पुग्नेगरी प्रदेशको नाम नै बजेट पुस्तिकामा उल्लेख नगरेका हुन् । पहिचान पक्षधरहरूले (बाँकी पृष्ठ २ मा)

## जीप दुर्घटनामा प्रदेशमन्त्रीसहित ३ जनाको मृत्यु



**काठमाडौं (प्रस)–** सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री पृथ्वीबहादुर सिंहको जीप दुर्घटनामा परी निधन भएको छ । उनी सवार जीप मंगलबार दिउँसो बझाङको केदारस्युँ गाउँपालिकाको धारछडामा दुर्घटनामा परेको थियो ।

दुर्घटनमा गम्भीर घाइते मन्त्री सिंहको (बाँकी पृष्ठ ३ मा)






सन्दर्भ : वैदेशिक रोजगार

# २४ वर्षपछि छोरा घर फर्किंदा...

**गलकोट-** बागलुङको बलेवाका ८७ वर्षीया आमा चिरञ्जीवी रेग्मीले २४ वर्षपछि कान्छो छोरा आउँछ भन्ने आश मारिसकेकी थिइन् । तर, छोरा घर फर्केपछि उनले हर्षका आँसु झारिन् । 'मैले त कान्छो छोराको आश मारिसकेको थिए, विदेश गएको केही वर्ष त सम्पर्कमा थियो, त्यसपछि अत्तोपत्तो भएन,' आमा रेग्मीले भावविह्वल हुँदै भनिन्, 'छोरा २४ वर्षपछि घर फर्कंदा बुढेसकालको सहारा हुने भएको छ ।'

वि.सं. २०५६ माघमा घर छोडेर गएका चन्द्रदत्त रेग्मी घर फर्किएका छन् । रोजगारीका लागि बेलायत गएका रेग्मीलाई अलपत्र अवस्थामा काठमाडौंबाट उद्धार गरी ल्याइएको हो । बेलायत गएको तीन वर्षपछि परिवारको सम्पर्कमा आउन नसकेका चन्द्रदत्त २४ वर्षपछि घरमा आउँदा परिवारमा खुसियाली छाएको छ ।

बागलुङ नगरपालिका-१३ पैयुँपाटा जलजलाका ४९ वर्षीय चन्द्रदत्त बेलायतमा धनसम्पत्ति जोडेर नेपाल आउन चाहे पनि बेलायतमा स्थायी बसोबासका लागि अनुमति (पिआर) नपाएपछि उनी परिवारको सम्पर्कमा नआएका हुन् । चन्द्रदत्त घर फर्किएसँगै ८७ वर्षीया आमा चिरिञ्जीवी रेग्मीको खुसीको सीमा रहेन । घरको कान्छो छोरा बुढेसकालको सहारा सम्पर्कमा आउँदा चिरिञ्जीवीको आँखामा हर्षका आँसु बर्सिएका छन् ।

२०५६ माघमा घर छोडेर गएका चन्द्रदत्त रेग्मी घर फर्किएका छन् । रोजगारीका लागि बेलायत गएका रेग्मीलाई अलपत्र अवस्थामा काठमाडौंबाट उद्धार गरी ल्याइएको हो । बेलायत गएको तीन वर्षपछि परिवारको सम्पर्कमा आउन नसकेका चन्द्रदत्त २४ वर्षपछि घरमा आउँदा परिवारमा खुसियाली छाएको छ ।

बेलायतमा पिआर नबनेपछि २०६८ सालमा नेपाल फर्किएका चन्द्रदत्त घर नफर्केर पुनः कामका लागि विभिन्न जिल्लामा भौतारिएका थिए । बेलायतमा पिआर नबनेपछि २०६८ सालमा नै रेग्मी नेपाल आएको भए पनि धन कमाउन नसकेको भन्दै विभिन्न जिल्लामा काम गरेर बसेको पाइएको र २४ वर्षपछि मात्रै सम्पर्कमा आएको बागलुङ नगरपालिका-१३ का वडाध्यक्ष नारायण शर्मा पौडेलले जानकारी दिए ।

'विदेशमा हुँदा सानो दुर्घटनामा पर्नुभएछ, त्यहाँ कार्ड बनेन कमाई पनि हुन नसकेपछि नेपालमै भए पनि थोरै धेरै कमाएर घर लैजान्छु भन्ने सोचपछि काठमाडौंसँगै हेटौंडा, सल्यान, प्यूठानलगायतका विभिन्न ठाउँमा काम गर्दै आउनुभएको रैछ,' वडाध्यक्ष पौडेलले भने, 'काठमाडौं अलपत्र अवस्थामा घुमिरहेको बेला हेटौंडाको थाहा नगरपालिका-१ का जनप्रतिनिधि सरोज प्रधानले भेटेर उहाँलाई परिवारको सम्पर्कमा ल्याइएको हो ।'

चन्द्रदत्तका दाजु लेखनाथ शर्माले सरोजलाई चन्द्रदत्तले आफ्नो जन्मघरको ठेगाना बताएपछि उनले बागलुङ नगरपालिका-१३ का वडाध्यक्ष पौडेललाई फोन सम्पर्क गरेका थिए । वडाध्यक्ष पौडेलले गाउँमा सोधखोज गर्दा चन्द्रदत्तले भनेअनुसारको सबै कुरा मिलेपछि उनलाई थप उद्धार गरी परिवारले काठमाडौंबाट घरमा ल्याएका हुन् ।

'हाम्रो परिवारलाई भाइ जिउँदो छ भन्ने झिनो आशामात्रै थियो तर अहिले घर फर्कंदा खुसी लागेको छ,' दाजु लेखनाथ शर्माले भने, 'धेरै ठाउँमा भाइको विषयमा सोधखोज गरेका थियौं, तर कुनै अत्तोपत्तो भएन, आशा नै मारेर बसेका थियौं, आफूले बिदाइ गरेर विदेश पठाएको भाइ नफर्किंदा यही कुराले पिरोलेको थियो, भाइ फर्किएर आयो हाम्रो परिवारमा ठूलो खुसी छाएको छ ।'

कानुन विषयमा स्नातक तह पढेका चन्द्रदत्त बेलायत जानुअगाडि लामो समय काठमाडौंमै कानुन व्यवसायीको फर्ममा काम गरेका थिए । परिवारमा चार भाइका कान्छा छोरा चन्द्रदत्त गाउँ फर्किएपछि गाउँलेहरूले नै खुसी साटेका छन् । *रासस*

## बजेटमा...

पृष्ठ १ बाट जारी

'कार्यसूचीमा रहेको पर्यटन र सहरी विकास मन्त्रालयअन्तर्गत वार्षिकरूपमा सम्पादन हुने कार्यक्रमको शीर्षकमा प्रदेशको नाम हुनुपर्नेमा अंक उल्लेख भएको पाइयो,' सभामुख घिमिरले भने, 'अंकको सट्टा प्रदेशको नाम राखी आवश्यकताअनुसार सुधार गर्न म सम्बन्धित मन्त्रालयलाई निर्देशन गर्दछु ।'

स्रोतका अनुसार सभामुखको निर्देशनपछि पर्यटन मन्त्रालयले विनियोजन विधेयक पुस्तिका प्रदेशको नाम राखेर छाप्न थालेको छ । सहरी विकास मन्त्रालयले पनि प्रदेशको नाम राखेर छाप्न थालेको छ । अब प्रदेशको नामसहितको पुस्तिका संसद्मा पेस भएपछि मात्रै छलफल अघि बढ्ने भएको छ ।

मन्त्रीद्वय किराती र सीताको झुकाव पहिचानवादीहरूप्रति छ । उनीहरूको गृहप्रदेश कोशी हो । कोशी नामलाई व्यक्तिगत रूपमा दुवै मन्त्रीले स्वीकारेका छैनन् । नामबारे उनीहरूको फरक मत पनि छ ।

सीताको दल कांग्रेसका सबै जिल्ला सभापतिहरूले यसअघि नै प्रदेशको नाम सच्याउन त्यहाँको प्रदेश सरकारसँग माग गरेका छन् । सुदन आबद्ध दल माओवादीले पनि प्रदेशको नाम ऐतिहासिक पृष्ठभूमिको आधारमा राख्नुपर्ने जनाएको छ । यस्तो अवस्थामा पहिचान पक्षधर नेताहरू किराती र गुरुङ मन्त्री हुँदा त्यसको प्रतिबिम्ब बजेटमा देखिएको हो ।

१७ फागुनमा प्रदेशको नाम कोशी राखिएपछि मन्त्री किरातीले आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)को सर्लाहीमा भएको भेलामा पुगेर उक्त नामको विरोध गरेका थिए । 'खोलानाला र डाँडाकाँडाजस्ता अमूर्त सम्पदाले पहिचान मागेको हो ?,' उनले प्रश्न गर्दै भनेका थिए, 'यहाँका दमित र उत्पीडित समुदायलाई चाहिएको हो नि पहिचान । कोशीसँग कसको पहिचान छ ?'

प्रदेशको नामलाई लिएर असन्तुष्ट उनै मन्त्री किरातीले बजेट पुस्तिकामै असन्तुष्टिलाई प्रतिविम्बित गरेका हुन् ।

## पहिचानले...

पृष्ठ १ बाट जारी

कोशीलाई पुनः नामांकन गर्दै 'किरात-लिम्बुवान' राख्न माग गर्दै आएका छन् । आन्दोलनमा रहेको एउटा जातीय संस्था किरात याक्थुङ चुम्लुङका अध्यक्ष प्रेम एक्तेनले माग पूरा नहुञ्जेलसम्म आन्दोलन नरोकिने बताउँदै आएका छन् ।

तर, दुई तिहाइ बहुमतले टुंग्याएको प्रदेश नाम सच्चिने सम्भावना छैन । यसबारे मुख्यमन्त्री हिक्मत कार्कीले भन्दै आएका छन्, 'आन्दोलनकारी साथीहरूले अर्को चुनावबाट दुई तिहाइ बहुमत ल्याएर नाम जे राख्ने राख्नुहोस् ।'

संविधानमा प्रदेश संसद्को दुई तिहाइ बहुमतले प्रदेशको नाम र राजधानी टुंगो लगाउन सकिने प्रावधान छ । हाल पहिचानवादीहरू कोशीमा अल्पमतमा छन् । यसले गर्दा पहिचानवादीहरूको मागअनुसार त्यहाँ पुनःनामांकन हुने सम्भावना क्षीण छ ।

## प्रभु स्टील्स एण्ड हाइड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेडको

PRABHU STEELS AND HYDRO EQUIPMENT INDUSTRIES LTD.

### विशेष साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/०३/०६ गते

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति जेष्ठ ३२, २०८० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा आफै उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछौं ।

तपशिल

विशेष साधारण सभा हुने मिति, समय र स्थान :

मिति : २०८० असार १६ गते ।

समय : दिउँसो ०१:०० बजे ।

स्थान :ईन्द्रेणी होटल, नयाँ वानेश्वर, काठमाडौं ।

(क) विशेष प्रस्तावहरू :

(१) यस प्रभु स्टील्स एण्ड हाइड्रो ईक्युपमेन्ट इण्डस्ट्रीज लि.ले साविक गौतम स्टील इन्डस्ट्रिज प्रा.लि.को पाँचौ वार्षिक साधारण सभाको निर्णय अनुसार कम्पनीको दायित्व एवं सम्पतिको मूल्याङ्कनकर्ताको रूपमा शिलबन्दी बोलपत्र गरी छनौट भएका K.J. and Associates Chartered Accountants बाट प्राप्त साविक कम्पनीको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence audit Report) मा उल्लेख भए बमोजिम कम्पनीको वास्तविक सम्पत्ति अनुसार सबै शेयरधनी ज्यूहरूको पुनः शेयर लगत कायम गर्ने गरी DDA अनुमोदन गरी स्वीकृत गर्ने सम्बन्धमा ।

(२) साविक गौतम स्टील ईण्डष्ट्रीज प्रा.लि.को नामबाट जारी मिति २०७९/०४/१ गते पछिका सबै शेयर लगत खारेज गर्ने सम्बन्धमा ।

(३) साविक गौतम स्टील ईण्डस्ट्रीज प्रा.लि.को DDA मा उल्लेख भएको सम्पत्ति अनुसार शेयर कित्ता कायम गर्न सम्पूर्ण शेयरधनीहरूको हालको शेयर संख्या घटाउने वा जफत गर्ने सम्बन्धमा ।

(४) केही संस्थापक शेयरधनीहरूको शेयरलाई कम्पनीलाई हानि नोक्सानी पुऱ्याएको हद सम्म आंशिक वा पूर्णरूपमा जफत गर्ने सम्बन्धमा ।

(५) प्रभु स्टील्स एण्ड हाइड्रो ईक्युपमेन्ट ईण्डस्ट्रिज लि.ले कम्पनी ऐन २०६३ को दफा ५३ (२) र (३) बमोजिम शेयर वापतको रकम दाखिला गर्न अनुरोध गरी सूचना प्रकाशित गरेकोमा उक्त समयभित्र सो रकम दाखिला नगर्ने सबै शेयर धनीहरूको शेयर जफत गरी कम्पनीमा जगेडामा राख्ने सम्बन्धमा ।

(ख) विविध ।

(१) प्रोक्सी मिति २०८०/०३/१३ गतेसम्म यस कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ ।

(२) शेयरधनी महानुभावहरूले आफ्नो सक्कल नागरिकता प्रमाणपत्र वा साधारण सभा प्रयोजनार्थ जारी प्रवेशपत्र अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्नेछ ।

(३) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रतिनिधि (प्रोक्सी) कम्पनीमा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गर्न चाहेमा सोको सुचना सभा सुरू हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा दिनु पर्नेछ ।

(४) विशेष साधारण सभामा मिति २०८०/०३/०१ सम्म कायम रहेका शेयरधनीले मात्र भाग लिन सक्ने छन् ।

(५) विशेष साधारण सभा हुने स्थानमा सभामा सहभागी शेयरधनी महानुभावहरूको हस्ताक्षरको लागि हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि नै खुल्ला गरिने छ ।

(६) विस्तृत जानकारीका लागि कार्यालय समयभित्र कम्पनीको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव
प्रभु स्टील्स एण्ड हाइड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड
वीरगंज-३२, पर्सा, नेपाल ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा २०७५/०३/२६ मा दर्ता भएको प्रा.लि.नं. १९३०३६ को **मझौला यातायात प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Suvekchya International hospital ( SIH)** invites application form qualified for following post. The application should reach the address given below 7 days from the date of first publication

**Post**

**1. Medical Officer Required : Few**

Purpose of Job: To be a part of clinical team to provide holistic care to the patient of SIH

Required Qualification: MBBS with registration with Nepal Medical Council

Application should be received by 25th June 2023 Interested candidates who meet the above criteria can send in their application stating the post applied for with detailed curriculum vitae (CV) to the address given below . ***Only short-listed candidates will be contacted.***

Suvekchya International Hospital Standardizing health care

**Suvekchya International Hospital**
Narajun, Sitapaila, Kathamndu
**ceo@sihrc.com.np**

### मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक वाकु गा.वि.स. वडा नं.२ भई हाल माप्य दुधकोशी गाउँपालिका वडा नं.७ बस्ने लप्टे कामीको नातिहरू भिम बहादुर कामी र पोक्ची माया कामीको छोराहरू (ना.न. ४९३/७९६/२४५ मिति २०४०/१२/२४ सोलुखुम्बु) को रत्न बहादुर कामी, (ना.नं.१४१/८४९/१३६० मिति २०४४/१२/२५ सोलुखुम्बु) को दिल बहादुर कामी, (ना.नं. ४९५/७३७/१३६२ मिति २०५३/०९/०२ सोलुखुम्बु) को गोकुल कामी र (ना.न. ११३००९/१४६ मिति २०६३/१०/२९ सोलुखुम्बु) को कृष्ण वि.क.ले ले हाम्रा बाबु भिम बहादुर कामीको मिति २०५८/१२/२२ मा मृत्यु भएको, निजको एकमात्र पत्नी पोक्ची माया कामीको मिति २०४५/१२/१० मा मृत्यु भएको, बाबु आमाको हामी चार छोराहरू र तीन छोरीहरू रहेकोमा छोरीहरू सबैको विवाह भइसकेकोले मृतक बाबुका नाउँमा रहेका तपशील बमोजिमका जग्गाको सक्कल जग्गाधनी पुर्जा हराएको र श्रेस्ता कायम समेत नरहेकोले फिल्डबुकका आधारमा श्रेस्ता कायम गरी सबैभन्दा नजिकको हकदार हामी चार जना छोराहरुका नाउँमा संयुक्त नामसारी गरी पाउँ भनि माग निवेदन पेश गर्नु भएको हुँदा यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपशील बमोजिमका जग्गाहरु अरु कोही कसैको हकभोगमा भए वा कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए आफुसँग भएको सबुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशील**

निवेदकले श्रेस्ता कायमका लागि दावि गरेका जग्गाको विवरण

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. |
|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | वाकु | २ | १३८४, १३८९ र १३९१ | १२६०, ३६५ र १६९० |

इति संवत् २०८० साल जेठ महिना २१ गते रोज १ शुभम्......।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INFOTECH FOR EMPLOYMENT-SOLE PROPRIETORSHIP

पूर्व स्वीकृति मिति: २०७९/१०/२९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०५ LT No.280820 चलानी नं ६०१९६४३३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Building Laborer | 72 | 0 | 800 | २८,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 50 | 0 | 1200 | ४३,०९५ | | | | | | | |
| 3 | Construction Carpenter | 50 | 0 | 1200 | ४३,०९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १३ गते (28th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SULIMAN ABDULLAH AL KHARASHI AL KHARASHI CO. CERTIFIED ACCOUNTANTS AND AUDITORS.

पूर्व स्वीकृति मिति २०८०/03/0५ LT. No. 288074 चलानी नं. ६०२०३४५२

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Accountant | 1 | 0 | 2500 | ८७,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १३ गते (28th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**

Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, Fax :+977-1-4460601
E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NOIR FAHD MOHAMMED AL-DOSSARY GENERAL CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८०/03/04 LT. No. 288055 चलानी नं. ६०२०३४५९

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Worker | 1 | 0 | 1300 | ४५,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार २५ गते (10th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु.१,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असार ६ गते २०८०, बुधबार

| | |
|---|---|
| मेष | विद्यार्थीका लागि राम्रो योग छ । |
| वृष | रोकिएको काम बन्नेछ । |
| मिथुन | टाढाको यात्रा फलदायी हुनेछ । |
| कर्कट | सामाजिक कार्यमा समय बित्नेछ । |
| सिंह | शैक्षिक प्रगति तर आर्थिक क्षति हुनसक्छ । |
| कन्या | स्वास्थ्यमा समस्या आउनसक्छ । |
| तुला | नयाँ कामको थालनी हुनेछ । |
| वृश्चिक | सवारीसाधन चलाउँदा ध्यान दिनुहोला । |
| धनु | मित्रजन र आफन्तसँग भेटघाट हुनेछ । |
| मकर | आर्थिक क्षेत्रमा प्रगति हुनेछ । |
| कुम्भ | सामाजिक प्रतिष्ठामा दाग आउनसक्छ । |
| मीन | नजिकको मान्छेबाट धोका हुनसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार ६ गते, २०८०, २१ जुन, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३०.६३ | १३१.२३ |
| युरो | १ को | १४३.९८ | १४४.६४ |
| पाउन्ड स्टिर्लङ | १ को | १६४.२५ | १६५.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.०८ | १४६.७५ |
| अस्ट्रेलियन डलर | १ को | ८६.३२ | ८६.७२ |
| क्यानाडियन डलर | १ को | ९६.३९ | ९६.८३ |
| सिंगापुर डलर | १ को | ९७.८६ | ९८.३१ |
| जापानी येन | १० को | ९.५८ | ९.६३ |
| चिनियाँ युआन | १ को | १८.९० | १८.९९ |
| साउदी अरब रियाल | १ को | ३४.८३ | ३४.९९ |
| कतारी रियाल | १ को | ३५.८३ | ३५.९९ |
| थाई भाट | १ को | ३.८३ | ३.८५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.५७ | ३५.७४ |
| मलेसियन रिंगेट | १ को | २९.२९ | २९.४२ |
| दक्षिण कोरियन वन | १०० को | ९.७६ | ९.८१ |
| स्विडिस क्रोनर | १ को | १२.७३ | १२.७९ |
| डेनिस क्रोनर | १ को | १९.३१ | १९.४० |
| हङकङ डलर | १ को | १६.६४ | १६.७२ |
| कुवेती दिनार | १ को | ४२६.२४ | ४२८.२० |
| बहराइन दिनार | १ को | ३४६.५२ | ३४८.११ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# मातृभाषा बोल्न र बुझ्नसक्ने भए दुरा

■ कृष्ण न्यौपाने

**दमौली-** एक महिना अघिसम्म मातृभाषाबारे ज्ञान नभएकी तनहुँको व्यास नगरपालिका-४ निवासी लिला दुरा अहिले मातृभाषा बोल्न थालेकी छन् । उनले अहिले मातृभाषामा गीत गाउन, बोल्न जान्नुका साथै बोलेको कुरा बुझ्नसक्ने भएकी छन् ।

उनले भनिन्, 'एक महिना अगाडिसम्म मातृभाषा कसरी बोलिन्छ भन्ने जानकारी थिएन, एक महिनाको प्रशिक्षणपछि अहिले त धेरै कुरा जानें ।' उनले दुरा भाषामा गीत गाउन पनि सिकेको बताइन् । 'अझै धेरै कुरा सिक्न बाँकी छ, प्रशिक्षण पायौं भने थुप्रै कुरा जान्न सक्छु,' उनले भनिन् ।

स्थानीय कमला दुरा पनि अहिले मातृभाषामा बोल्ने र बुझ्नसक्ने भएकी छन् । दुरा भाषा छ भन्ने थाहा भए पनि कसरी बोलिन्छ भन्ने ज्ञान नभएकामा अहिले भाषाबारे धेरथोर ज्ञान पाएको उनको भनाइ छ । उनले भनिन्, 'हाम्रो जातिको भाषा छ भन्ने त थाहा थियो तर कसरी बोल्ने थाहा थिएन, घरपरिवारमा पनि कसैले नबोल्ने हुनाले जान्दा पनि जानेनौं । तर, अहिले प्रशिक्षण पाएपछि भाषा जान्यौं ।'

स्थानीय चन्द्रिका दुरा मातृभाषा सिक्न पाउँदा खुसी छिन् । उनले भनिन्, 'अब त घरमा पनि मातृभाषामा नै कुरा गर्छु, घरपरिवारलाई आफूले जानेको सिकाउँछु ।' अन्य जातिले मातृभाषा बोल्दा आफूहरू पनि मातृभाषा बोल्न पाए हुन्थ्यो भन्ने लाग्दै आएको बताउँदै उनले एक महिनाको तालिमले धेरै कुरा सिकाएको बताइन् । प्रशिक्षणपछि केही कुरा सिकेको भन्दै उनले मातृभाषामै यसरी आफ्नो परिचय दिइन्, 'ङे चन्द्रकला दुरा ले । उइजो (हजुरलाई नमस्ते) ।' दुरा भाषामै बाबुआमा, छोराछोरी, सात बार भन्न सिकेको उनले बताइन् ।

गण्डकी प्रज्ञा प्रतिष्ठानको सहयोग र महिला दुरा समूहको आयोजनामा वैशाख २६ गतेदेखि जेठ २६ गतेसम्म एक महिनासम्म मातृभाषा तालिम सञ्चालन गरिएको थियो । व्यास नगरपालिका-१ स्थित नेपाल आदिवासी जनजाति महासंघको भवनमा दैनिक रूपमा बिहान ११ बजेदेखि २ बजेसम्म प्रशिक्षण सञ्चालन गरिएको थियो ।

मातृभाषा नै लोप हुने खतरा बढेपछि प्रज्ञा प्रतिष्ठानको सहयोगमा भाषा प्रशिक्षण सञ्चालन गरिएको महिला दुरा समूहकी अध्यक्ष विष्णुमाया दुराले बताइन् । उनले भनिन्, 'मुख्य उद्देश्य मातृभाषा संरक्षण गर्दै भावी पुस्तालाई पनि सिकाउनु हो । मातृभाषाबारे केही नजान्नेहरू अहिले गीत गाउन, दोहोरो कुरा गर्न सक्ने हुनुभएको छ । यो मुख्य उपलब्धि हो ।' भाषा किन लोप भयो भन्दा अनुसन्धान गर्दा भाषा रहेछ भन्ने ज्ञान भएपछि आफूहरूकै पहलमा मातृभाषा प्रशिक्षण सञ्चालन गरिएको उनको भनाइ छ ।

व्यास नगरपालिका-१ की वडा सदस्य कृष्ण दुराले भाषा नै लोप हुन्छ कि भन्ने चिन्ता रहेकामा अब प्रशिक्षणपश्चात् भाषाको संरक्षण हुने आशा पलाएको बताइन् । उनले भनिन्, 'दुरा जातिको जनसंख्या कम रहेको र धेरैलाई यो भाषा नआउँदा भाषा नै लोप हुने खतरा भएकाले आउने पुस्तालाई भाषाबारे ज्ञान दिने उद्देश्यले प्रशिक्षण राखेका हौं ।'

दुरा सेवा समाज तनहुँका अध्यक्ष कृष्णबहादुर दुरा मातृभाषा प्रशिक्षण फलदायी भएको बताउँछन् । उनले भने, 'मातृभाषा नजान्नेहरू अझै थुप्रै हुनुहुन्छ, उहाँहरूलाई पनि क्रमशः तालिम दिएर भाषाबारे जानकारी गराउने लक्ष्य राखेका छौं ।' दुरा सेवा समाजका निवर्तमान केन्द्रीय अध्यक्ष देवबहादुर दुराले दुरा जाति सबै पक्षले भरिपूर्ण रहेपनि भाषाका कारण पछाडि पर्दै आएको गुनासो गरे ।

दुरा जातिको भाषा संरक्षणका लागि गण्डकी प्रज्ञा प्रतिष्ठानले पाठ्यक्रम बनाउन सहयोग गर्ने प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठ बताउँछन् । उनले भने, 'प्रज्ञा प्रतिष्ठानले प्रदेशभित्रका सबै जातजातिको भाषा संस्कृति संरक्षणका लागि काम गर्दै आएको छ । त्यसमध्ये लोपोन्मुख जाति दुराको भाषा संरक्षणका लागि हामी गम्भीर छौं ।'

लमजुङको जिता निवासी मुक्तिनाथ घिमिरेले दुरा महिलालाई मातृभाषा सिकाउनुभएको हो । भाषाका अनुसन्धानकर्ता घिमिरेले दुरा जातिले आफ्नो भाषा बिर्सिंदै गएपछि गण्डकी प्रज्ञा प्रतिष्ठानको आयोजनामा मातृभाषा कक्षा सञ्चालन गरिएको जानकारी दिनुभयो । घिमिरेले भने, 'त्यसै पनि दुरा जाति अल्पसंख्यक हुन्, त्यसमाथि मातृभाषा नहुँदा असजिलो परिस्थिति बनेको छ । एक महिनाको तालिमले उनहरूलाई धेरै कुरा सिकायो ।'

दुराडाँडास्थित गणेश माध्यमिक विद्यालयमा अध्यापन गराउँदा सोही सेरोफेरोमा घुमेर दुरा भाषाको शब्द संकलन गरेको उनले बताए । घिमिरेले भने, 'दुराडाँडामा दुरा जातिको बाक्लो बस्ती छ । त्यहाँमा बुढापाकाहरूसँग मैले शब्दहरू संकलन गरे । अहिले पछिल्लो पुस्ताले दुरा भाषा बिर्सिंदै जान थाले ।'

घिमिरे गुरुङ भाषामा पनि दखल छन् । 'मैले दुरा जातिको भाषासम्बन्धी अध्ययन गरेर पुस्तक तयार गरेको छु, दुरा भाषाको वर्णमालाको पुस्तक तयार गरेर प्रकाशनमा आइसकेको छ,' घिमिरेले भने । भाषा र संस्कृति एकअर्काका पुरक रहेकाले सबैले मातृभाषा जान्नुपर्ने उनको भनाइ छ । मातृभाषा प्रशिक्षणमा दुरा जातिको १० प्रकारका स्वरवर्ण, ३७ वटा व्याञ्जनवर्ण, १ देखि १० सम्मका संख्याहरू, बारका नाम सिकाइएको छ । त्यस्तै सामान्य बोलीचालीमा प्रयोग गरिने शब्दहरू सिकाइएको छ ।

दुरा जातिको भाषामा मात्रा ह्रस्व हुन्छ । दुरा जातिको भाषामा क, ख, ग जस्तो संलो अक्षर नहुने घिमिरे बताउँछन् । उनका अनुसार दुरा जातिको भाषामा कि मात्रा लगाएको हुन्छ कि काटिएको हुन्छ । 'हरेक जातिको भाषा लोप हुनुहुँदैन, भाषा संरक्षण हुनुपर्छ भन्ने भावनासहित म विभिन्न ठाउँमा पुगेर भाषाको अध्यापन गराइरहेको छु,' घिमिरेले भने, 'भाषा अमूर्त सम्पत्ति हो, भाषा कमाउन सकिँदैन । यसको संरक्षण हुनुपर्छ ।'

तनहुँका विभिन्न ठाउँमा लमजुङको दुराडाँडाबाट बसाइँ सरी आएका दुरा जातिका व्यक्ति बसोबास गरेको पाइन्छ । वि.सं. २०६८ को जनगणनाअनुसार दुरा जातिको संख्या पाँच हजार तीन सय ९४ रहेको छ । त्यसमध्ये लमजुङमा ७२, तनहुँमा १६, चितवनमा छ, कास्कीमा तीन र अन्य जिल्लामा तीन प्रतिशत जनसंख्या बसोबास गरेको पाइन्छ । *रासस*

## देउवा र खड्का...

पृष्ठ १ बाट जारी

रीता शाही, लक्ष्मी पाण्डे, सुवास लोहनी, नवीन श्रेष्ठ, तेजेन्द्र भट्टराईसहितका नेता पनि सहभागी भएका थिए ।

नेतृत्वको पार्टी सञ्चालन शैलीसँग असहमत हुँदै दबाब बढाउन र रूपान्तरण गर्न यो अभियान अगाडि बढाएको कर्णालीमा संयोजक तोकिएका शाही बताउँछन् ।

### "नेतृत्वको शैली बदल्नुपर्छ"

संरचना र शैली नबदल्ने हो भने पार्टी झन् कमजोर हुने र नयाँ दलको चुनौती सामना गर्न नसक्ने भन्दै पार्टी नेतृत्वलाई जानकारी गराएरै अभियान सुरु गरेको अभियान पक्षधरको दाबी छ । नेता गुरुराज घिमिरे अभियानमा उत्साहपूर्ण सहभागिता देखिएको र थुप्रै समस्या पहिचान भएको बताउँछन् ।

'हामीले सातै प्रदेशको केन्द्रमा ठूला अन्तरक्रिया गऱ्यौं । यी कार्यक्रममा उत्साहजनक सहभागिता जनाउँदै कांग्रेस कार्यकर्ताले पार्टी नेतृत्व र पार्टी सरकारमा हुँदा भइरहेको कमजोरीलाई प्राथमिकताका साथ उठाउनुभएको छ,' घिमिरे भन्छन्, 'ठूलो पार्टी भएर सरकारमा सहभागी हुँदासमेत नतिजा नपाएका हामी तपाईंहरूका समस्या के छन् भनेर पुग्दा उत्साहपूर्वक प्रस्तुत भएका छन् ।'

त्यसपछि जिल्ला र स्थानीय तहसम्मै कार्यक्रम लिएर जाने उनीहरूको तयारी छ । शाही सम्भावित चुनौतीलाई लिएर देशभर पुग्दा कार्यकर्ताले भावना पोख्न पाएको टिप्पणी गर्छन् । उनका अनुसार पार्टीका नेताको परम्परागत शैली, विवाद, गुटबन्दी देखेर कार्यकर्ता आजित भएका छन् । नयाँ दल चुनौतीको रूपमा उभिएको भनेर मुख्य सुझाव आएको उनको भनाइ छ ।

पार्टीको कुनै कार्यक्रम नहुँदा हाम्रै रूपान्तरण कार्यक्रम पार्टीको अफिसियल कार्यक्रमजस्तो भएको छ । कार्यकर्ताले आक्रोश, भावना पोख्न पाएका रहेनछन् । हामीले हजारौंलाई मञ्च दियौं । आक्रोश र पोख्ने र भावना राखेर शान्त हुने मौका कार्यकर्ताले पाएका छन्,' शाही भन्छन्, 'ठूलो पार्टी भएर पनि सरकारले जनजीविकाका लागि प्रभावकारी काम गर्न नसकेको, पार्टीका संरचनाले प्रभावकारी कार्यसम्पादन गर्न नसकेकोमा मुख्य चिन्ता भएको पाएका छौं ।'

सात प्रदेशका सात ठूला अन्तरक्रियामा हरेक ठाउँमा १०० जना बढी सहभागीको गुनासो सुनेको र त्यसलाई लिपिबद्ध गरिएको जानकारी उनले दिए । सहभागीका गुनासा र पार्टीप्रतिका अपेक्षालाई प्रतिवेदन बनाएर पार्टी नेतृत्वलाई बुझाउने अभियानको तयारी छ ।

अभियानका क्रममा पार्टी ठूलो भएर रमिते भएर बसेको तर नयाँ दलले चुनौती बढाएकोप्रति सजग नभएको पाइएको उनले बताए । 'अहिले कांग्रेस ठूलो पार्टी र सत्तामा भएजस्तो छ, तर भोलि कांग्रेस हार्ला कि भन्ने चिन्ता धेरैमा देखिन्छ किनकि हामी सुस्ताउँदै गर्दा चुनौती बनेर नयाँ दल उभिएका छन्,' शाही भन्छन्, 'समयमा सचेत भएनौं भने हामी डुब्न सक्छौं । कार्यकर्ताको भावना पनि पार्टी नसुध्रिए अवस्था अनुकूल छैन भन्ने नै छ ।' पार्टी नसुध्रिए २०८४ को चुनाव कांग्रेसका लागि कठिन हुने मत यो अभियानका क्रममा प्राप्त गरेको उनीहरूको भनाइ छ । यद्यपि, पार्टीले केही गर्छ भन्ने आशा मारेकालाई पनि आफूहरूको अभियानले थोरै भए पनि आशा जगाएको उनको टिप्पणी छ ।

### शेखर र गगनको जस लिने होडबाजी

रूपान्तरण अभियान ग्राउण्डमा पुगेसँग संस्थापनइतरका नेता डा. शेखर कोइराला र महामन्त्री गगन थापाले यसको जस लिने होडबाजी गरेका छन् । अभियानमा पूर्वसंस्थापननिकट धेरै भए पनि दुवै नेता सुरुआतदेखि अन्तिमसम्म देखिएका थिएनन् । डा. शेखरले एक टेलिभिजन 'टक शो'मा आफूले नै अभियान सञ्चालन गर्न लगाएको दाबी गरेका छन् । यसैगरी महामन्त्री थापाले पनि अभियानको प्रशंसा गरेका छन् ।

अभियानमा सात प्रदेशका केन्द्रमा मुख्य र बाटो परेका जिल्लाका सहरका अन्तरक्रियाको कार्यक्रम गरेको शाही बताउँछन् । कतै पनि मञ्च, प्रमुख अतिथि र मुख्य अतिथि नबनाई अन्तरक्रियामा उनीहरूले सुझाव लिएका थिए ।

'हामीले नेतालाई मञ्चमा राखेनौं । कसैलाइ विशेष आसनग्रहण गराइएन । सबै तलै बसेर कार्यकर्ताको कुरा सुन्यौं । जाने नेता बोल्नेभन्दा तलका कार्यकर्ता र आममान्छेको भावना बुझ्यौं,' शाही भन्छन्, 'एउटा कार्यक्रममा १०० जनासम्मले बोल्नुभयो । एकैपटक २० केन्द्रीय नेता सात प्रदेश पुग्यौं ।'

जेठ २ गते घोषणा गरिएको रूपान्तरण अभियान मधेस प्रदेशको जनकपुरमा जेठ ११ गते, बागमती प्रदेशको काठमाडौंमा जेठ १६ गते, गण्डकी प्रदेशको पोखरामा जेठ २० गते, लुम्बिनी प्रदेशको दाङमा जेठ २२ गते, कर्णाली प्रदेशको सुर्खेतमा जेठ २४ गते, सुदूरपश्चिम प्रदेशको धनगढीमा जेठ २६ गते हुँदै कोशी प्रदेशको इटहरी पुगेर टुंगिएको हो ।

सहभागीको धारणा रेकर्डसमेत गरिएको उनले बताए । 'सहभागीहरूको धारणा रेकर्ड गरेका छौं । भिडियो र अडियो सबै रेकर्ड हामीसँग छ,' शाही भन्छन्, 'पार्टी हितका बारेमा आएका महत्त्वपूर्ण सुझावलाई प्रतिवेदन बनाएर सभापति र पदाधिकारीलाई बुझाउँछौं ।'

## जीप दुर्घटनामा...

पृष्ठ १ बाट जारी

बाँकेस्थित कोहलपुर मेडिकल कलेजमा उपचारका क्रममा अपरह्न ५:३३ मा निधन भएको इलाका प्रहरी कार्यालय कोहलपुरका प्रहरी नायब उपरीक्षक (डिएसपी) सुन्दर तिवारीले जानकारी दिए ।

उनका अनुसार दुर्घटनास्थलबाट थप उपचारका लागि अपराह्न ४:१६ मा मन्त्री सिंहलाई कोहलपुर पुऱ्याइएको थियो । उनको उपचारको क्रममा त्यहाँ निधन भएको हो ।

मन्त्री सिंहसँगै जीप चालक धर्मराज जोशी र प्रहरी सहायक हवल्दार दीपक भण्डारीको भने उपचार भइरहेको छ । उनीहरूको अवस्था मध्यम रहेको डिएसपी तिवारीले बताए । दुर्घटनामा मन्त्री पत्नी अमृता र नातामा भाउजू पर्ने जयादेवीको पनि निधन भएको छ ।

उनीहरू सवार सुपप्र १००१ झ ४८ नम्बरको जीप डडेलधुराबाट बझाङ सदरमुकाम चैनपुर जाने क्रममा दुर्घटनामा परेको हो ।


सुदूरपश्चिम प्रदेश सरकार
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
बझाङ

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

*(प्रकाशित मिति : २०८०/०३/०६)*

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८०/०१/२४ को "आर्थिक" दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको बिधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आव्हानको Single Stage Two Envelope ठेक्का सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्याङ्कनमा निम्न बमोजिमका बोलपत्रदाताहरूले प्राविधिक प्रस्तावका शर्तहरू पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०/०३/१३ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) को उपनियम ५ र ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरू |
|---|---|---|---|
| १ | IDOBAJHANG/W/NCB/079-80/16 | Katepara Gottana Jayprithivi Road Improvement Works | Munal Construction, Bajhang<br>Shree Ganesh-PKC Joint Venture, Chainpur-10, Bajhang<br>Kaushik-Nandamata J.V., Mangalsen Achham |
| २ | IDOBAJHANG/W/NCB/079-80/17 | Khaptad Bahiri Chakra Patha Road Improvement Works (Mayapata to Silkawada section) | Munal Construction,Bajhang<br>Shree Surma Sarobar Nirman Sewa, Surma Ga.pa.-02, Bajhang |
| ३ | IDOBAJHANG/W/NCB/079-80/18 | Construction of Bameligad Khola Motorable Bridge | S.S.N.S.- PKC Joint venture, Chainpur 10 Bajhang |

**- कार्यालय प्रमुख**



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : LIEN YEU GLASSTECH (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/११/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०५ | LT. No. 282168 | चलानी नं. ६०१९७८२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 25 | 0 | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १३ गते (28th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**Swift H.R. Solution Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL RAHMAN AL-OTAISHAN &SONS GROUP CO. LLC

पूर्व स्वीकृति मिति: २०८०/०३/०५ | LT. No.288147 | चलानी नं. ६०२०३४४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 4 | 0 | 1000 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labour | 13 | 0 | 1000 | ३४,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १३ गते (28th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET
श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABPRALL TRADING & CONTRACTING

पूर्व स्वीकृति मिति: २०८०/०३/०५ | LT. No. 288149 | चलानी नं. ६०२०३४५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 2 | 0 | 1000 | ३६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १३ गते (28th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
**(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
नुवाकोट

**रोड –गोल्जुङ्ग –गत्लाङ्ग –सोमदाङ्ग सडक (१०.४२ कि.मि.), रसुवा जिल्लाको स्तरोन्नती कार्यको प्रारम्भिक वातावरणीय प्ररिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति: २०८०/०३/०६**

बागमती प्रदेश, रसुवा जिल्ला, आमाछोदिङमो गाउँपालिकामा पूर्वाधार विकास कार्यालय, नुवाकोटद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, नुवाकोट, बागमती प्रदेश |
|---|---|
| प्रस्तावको व्यहोरा | रोड –गोल्जुङ्ग –गत्लाङ्ग –सोमदाङ्ग सडक (१०.४२ कि.मि., रसुवा); स्तरोन्नति सडक आमाछोदिङमो गाउँपालिका- ४, गोल्जुङ्गबाट आमाछोदिङमो गाउँपालिका- ३, गत्लाङ सम्म क्षेत्राधिकार (राइट अफ वे) ३० मि. (१५/१५ मि. दुवैतिर) फर्मेसन चौडाई : नाली बाहेक ७ मि केरियज वे चौडाई : ५.५; शोल्जर: दायाँ/बायाँ दुवै छेउ ०.७५ मि.) प्रस्तावित सतह - कालोपत्रे |
| प्रभाव पर्न सक्ने जिल्ला गा.पा. र वार्ड | रसुवा जिल्ला आमाछोदिङमो गाउँपालिका - ३ र ४ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनि या यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय-सुझावको लागि ठेगाना**

| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, नुवाकोट; फोन: ०१०-५६०८५९; ईमेल: idonuwakot@bagamati.gov.np |
|---|---|
| परामर्शदाताको नाम र ठेगाना | हाइड्रोकोन नेपाल प्रा.लि., संखमुल, काठमाडौं; सम्पर्क : ९८५१२२४७३४; इमेल: nepal.hydrocon@gmail.com |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### उपप्राध्यापक चलाउनेलाई न्याय देऊ

एक जना उपप्राध्यापक आफूलाई कुटपिट गरेका विद्यार्थी नेताहरूलाई पक्राउ गर्न माग गर्दै अदालत पुग्दा आफैं प्रहरीको नियन्त्रणमा परेका छन् न्यायका निमित्त अदालतको ढोका ढकढक्याउन पुगेका चलाउनेलाई प्रहरीले रिहा गरिसकेको छ

त्रिभुवन विश्वविद्यालयमा उपप्राध्यापक पिटिन्छन् उनलाई कुट्ने देशकै ठूलो पार्टीको भ्रातृ संगठन नेविसंघका नेता हुन्छन् उनीहरूलाई छुटाउन पार्टीमात्र हैन सरकार नै लाग्छ दुई दिनपछि अदालतमा पेसी तोकिएको मुद्दामा मन्त्रिपरिषद्ले नै दोषीलाई उन्मूक्ति दिने निर्णय गर्छ त्यही विषयमा अदालतको फैसलाको आश गरी न्यायको ढोका ढकढक्याउन पुगेका उपप्राध्यापक प्रहरीका भ्यानमा खाँदिन्छन् ।

समाजशास्त्रका उपप्राध्यापक चलाउनेमाथि २०७७ असोज २० मा त्रिवि परिसर कीर्तिपुरमा आक्रमण भएको थियो उनीमाथि नेवि संघका हरि आचार्य, योगेन्द्र रावलसहित पाँच जनाले आक्रमण गरेका थिए अनुसन्धानपछि प्रहरीले उनीहरूविरुद्ध जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरी ज्यान मार्ने उद्योगको कसूरमा सजाय हुनुपर्ने दाबी गरेको थियो तर एक कांग्रेस सभापति शेरबहादुर देउवा नेतृत्वको अघिल्लो सरकारले नै उनीहरूलाई उन्मूक्ति दिनेगरी मुद्दा फिर्ताको प्रक्रिया गरेको थियो जसका लागि महान्यायाधिवक्ता कार्यालय कानुन मन्त्रालयको राय लिने कार्य गरिएको थियो ।

अहिलेको सत्ता गठबन्धनको प्रमुख दल नेपाली कांग्रेस भएकाले आफ्ना कार्यकर्तामाथिको मुद्दा फिर्ता गराउने निर्णय मन्त्रिपरिषद्बाट गराइएको हो मुलुकी फौजदारीसंहिताको दफा ११६ मा सरकारले अदालतमा दर्ता भएको मुद्दा फिर्ता लिनसक्ने व्यवस्था छ सरकारले सोही कानुनी व्यवस्थामा टेकेर मुद्दा फिर्ता लिन मिल्छ कि मिल्दैन भनेर महान्यायाधिवक्ता कार्यालय कानुन मन्त्रालयसँग राय माग गरेको थियो दुवै निकायले मुद्दा दायर गर्ने फिर्ता लिने अधिकार सरकारको हुने राय दिएपछि मन्त्रिपरिषद्बाट निर्णय गराएर फिर्ता लिइएको हो ।

यसबारेको मुद्दाको पेसी मंगलबारका लागि तोकिएको थियो पछिल्लो किचलोले यसको सुनुवाइ केही दिनका लागि पर सरेको छ चलाउने भने न्यायका लागि अनसन बस्न बाध्य भएका छन् 'पीडित नै पक्राउ' कस्तो विडम्बना हाम्रो यस्तो समाचार सुन्नु पढ्नुपर्ने 'चोरलाई चौतारो, साधुलाई सुली' भन्ने धेरै पुरानो उखान हो के सरकार सत्ताको बलमा यस्तै उखानलाई लोप हुनबाट जोगाउने कोसिसमा हो ? नभए उपप्राध्यापक चलाउनेलाई तुरुन्त न्याय दे सरकार !

## मननयोग्य

### चाणक्य नीति

चाणक्यले उनलाई हेर्दै भने- 'भन त्रिनेत्र ! मगधका नागरिकको के प्रतिक्रिया छ ।' सम्मानपूर्वक शिर निहुराई त्रिनेत्रले भने-' पूज्यवर प्रजा चारैतिर परस्पर विरोधी कुरा गर्दछन् ।' राजदरवारबाट निर्णय नै नभई नन्दको वधका कारण विद्रोहले थाहा भएन कहाँबाट यो उब्ज्यो, जसले विरोधको आगोलाई बढाइरहेको छ । हुँ ... हुँकार गर्दै चाणक्य गम्भीर भए- 'यो सबै राक्षसको योजना हो । चन्द्रगुप्त देख्यौ वास्तविक जित अझै टाढा छ', भन्दै त्रिनेत्रसँग भने- 'विरोध शान्त पार्नलाई के प्रयत्न भयो ?'

त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन् । चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन् । सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए । चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे । धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ । छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ । अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ ।'

यो आदेश पाएर त्रिनेत्र हिंडे । महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे । त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किंदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ । राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ । यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ ।' क्रमशः

# नीति र बजेट, प्रवृत्ति र प्रगति



डा. दीपेन्द्र रोकाया

> यो दशकमा सरकार शान्ति र संविधान निर्माण, भूकम्पका कारण क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, कोभिड महामारी नियन्त्रण हुँदै उत्पादन र रोजगारमा केन्द्रित भएको पाइन्छ । नीतिगत रुपमा देशले गन्तव्य खोजिरहेको छ । तर, बजेट निर्माण गर्दा धरातलीय यथार्थतामा नटेक्ने र कार्यान्वयनमा कमजोर कार्य सम्पादन हुनुले लक्ष्य भेटाउन सकेको देखिँदैन । यसो भन्दैमा निराश पनि भइहाल्नु हुँदैन ।

हरेक वर्ष सरकारको नीति तथा कार्यक्रम सुन्दा अब त केही हुन्छ कि ! जस्तो लाग्छ । पूर्वाधार विकास कार्यक्रम सुनेर मेरो दूरदराजमा बस्ने नेपालीले पनि संविधानले प्रदान गरेको शिक्षा, स्वास्थ्य, रोजगार र खाद्य सम्प्रभूताको अधिकार उपयोग गर्न पाउने छन् । उनीहरूलाई आफ्नो गाउँ पनि अब राष्ट्रिय सडक सञ्जालमा जोडिनेछ भन्ने लाग्छ । तर, वर्षौंदेखि उनीहरूका सपना यसरी नै हरेक वर्ष देखिने गर्छ र कार्यान्वयनमा आउँदैन । घोषणा भाषणमै सीमित हुने गर्छ ।

आर्थिक वर्ष २०८०/८१ का लागि राष्ट्रपति रामचन्द्र पौडेलले वर्तमान सरकारको ३४ पृष्ठ लामो १८८ बुँदे वार्षिक नीति तथा कार्यक्रम गत जेठ ५ गते दिउँसो सार्वजनिक गरे । त्यही लयमा अर्थमन्त्री डा. प्रकाशशरण महतले १० दिनपछि १७ खर्ब ५१ अर्ब ३१ करोड रूपैयाँको बजेट प्रस्तुत गरे । सरोकारवालाहरूले सार्वजनिक रूपमा टिप्पणी गरिरहँदा नेपाल विकास अनुसन्धान प्रतिष्ठानको आर्थिक विकास विभागमा दुई हप्ता छलफल भयो । आव २०७०/७१ देखि २०७९/८० सम्मको नेपाल सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेट पुस्तिका हेर्दा सुनिएको र देखिएको नीति तथा कार्यक्रम र बजेटको मूल प्रवृत्ति र प्रगति हेरियो ।

सुरुमा नेपालको बजेट तर्जुमाको थालनी २००८ सालमा सुरु भएको थियो । उतिबेला आम्दानीको प्राथमिक स्रोत जग्गा कर, भन्सार र वन थियो भने अनुमानित राजस्व तीन करोड पाँच लाख थियो । खर्चचाहिँ सार्वजनिक प्रशासन सेवा, रक्षा र विविध गरी मुख्य तीन भागमा विभाजन गरिन्थ्यो । त्यो बजेटको कूल खर्च पाँच करोड २५ लाख रूपैयाँ भएको थियो । नेपालको पहिलो आर्थिक बजेट २००८ माघमा र २००९ को पुसमा आर्थिक वर्ष निर्धारण गरिएको थियो । त्यसपछिका वर्षहरूमा असार र साउनलाई आर्थिक वर्ष मान्ने गरिएको छ ।

आव २०७०/७१ देखि २०७२/७३ सम्म राष्ट्रपति डा. रामवरण यादवले वार्षिक नीति तथा कार्यक्रम र अर्थमन्त्री डा. रामशरण महतले बजेट भाषण सुनाएका थिए । आव २०७०/७१ मा पाँच खर्ब १७ अर्ब २४ करोड रूपैयाँको बजेट आएको थियो । सरकारको वास्तविक खर्च चार खर्ब ३५ अर्ब पाँच करोड रूपैयाँ भएको थियो । यस्तै आव २०७१/७२ मा १४ पृष्ठ लामो १०६ बुँदे वार्षिक नीति तथा कार्यक्रम र १२५ पृष्ठको १६२ बुँदामा छ खर्ब १८ अर्ब १० करोड रूपैयाँको बजेट आयो । सरकारको वास्तविक खर्च पाँच खर्ब ३१ अर्ब ३३ करोड रूपैयाँ भएको देखियो । यसैगरी २०७२/७३ मा १९ पृष्ठ लामो ११२ बुँदे वार्षिक नीति तथा कार्यक्रम र १२६ पृष्ठको २५३ बुँदामा आठ खर्ब १९ अर्ब ४६ करोड ८८ लाख ८४ हजारको बजेट प्रस्तुत भयो । वास्तविक खर्च छ खर्ब एक अर्ब तीन करोड भयो ।

यही प्रक्रियामा आव २०७३/७४ देखि २०७९/८० सम्म राष्ट्रपति विद्यादेवी भण्डारीले वार्षिक नीति तथा कार्यक्रम पढेर सुनाइन् । आव २०७३/७४ वार्षिक बजेट अर्थमन्त्री विष्णुप्रसाद पौडेलले ७० पृष्ठमा ४५२ बुँदामा १० खर्ब ४८ अर्ब ९२ करोड १३ लाख ५४ हजारको प्रस्तुत गरे । सरकारको वास्तविक खर्च आठ खर्ब ३७ अर्ब ५४ करोड रूपैयाँ भएको थियो ।

आव २०७४/७५ मा ३९ पृष्ठ लामो ३९ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो । वार्षिक बजेट अर्थमन्त्री कृष्णबहादुर महराले ६९ पृष्ठमा २२७ बुँदामा १२ खर्ब ७८ अर्ब ९९ करोड ४८ लाख ५५ हजार रूपैयाँको प्रस्तुत गरे । त्यसबेला वास्तविक खर्च १० खर्ब ८७ अर्ब २७ करोड रूपैयाँ भएको थियो । आव २०७५/७६ मा ४३ पृष्ठ लामो १०३ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो । आव २०७५/७६ देखि २०७७/७८ सम्म अर्थमन्त्री डा. युवराज खतिवडाले बजेट प्रस्तुत गरे । आव २०७५/७६ मा ६९ पृष्ठको ३६९ बुँदामा १३ खर्ब १५ अर्ब १६ करोड १७ लाख रूपैयाँको बजेट आयो । वास्तविक खर्च ११ खर्ब १० अर्ब ४५ करोड रूपैयाँ भएको थियो ।

यस्तै आव २०७६/७७ मा २६ पृष्ठ लामो २१८ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो भने ८७ पृष्ठमा ३२८ बुँदाको बजेट १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाख रूपैयाँको आयो । वास्तविक खर्च १० खर्ब ९१ अर्ब ३३ करोड रूपैयाँ भएको थियो । यसैगरी आव २०७७/७८ मा ६३ पृष्ठ लामो २७६ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो भने १२३ पृष्ठको ३४२ बुँदामा १४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाख रूपैयाँको बजेट आएको थियो । त्यस वर्षको वास्तविक खर्च ११ खर्ब ९६ अर्ब ६७ करोड रूपैयाँ भएको थियो ।

आव २०७८/७९ मा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले १५० पृष्ठको ५०३ बुँदामा १६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाख रूपैयाँको बजेट प्रस्तुत गरे । कोभिड महामारीको बेलामा वास्तविक खर्च १३ खर्ब १० अर्ब रूपैयाँ भएको थियो । आर्थिक वर्ष २०७९/८० मा ६५ पृष्ठ लामो १४५ बुँदे वार्षिक नीति तथा कार्यक्रम आयो । अर्थमन्त्री जनार्दन शर्माले १२९ पृष्ठको ४३० बुँदामा १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख रूपैयाँको बजेट प्रस्तुत गरे । असारसम्ममा १५ खर्ब ४९ अर्ब ९९ करोड रूपैयाँ बजेट खर्च गर्ने अनुमान गरिएको छ ।

उपरोक्त तथ्य बुझ्न नेपालको बजेटलाई चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था हेर्नुपर्ने हुन्छ । चालु खर्चमा प्रमुखतः कर्मचारीलाई प्रदान गरिने पारिश्रमिक/सुविधा, कर्मचारीको सामाजिक सुरक्षा, सेवा महसुल, पुँजीगत सम्पतिको सञ्चालन र सम्भार खर्च, कार्यालय सामग्री, भ्रमण, आन्तरिक तथा बाहृय ऋणको ब्याजदरजस्ता खर्चहरू समावेश हुन्छन् । पुँजीगत खर्चमा भवन तथा संरचना, सार्वजनिक निर्माण, सवारी तथा मेसिनरी खर्च, सुरक्षा उपकरण प्राप्ति खर्च जस्ता खर्चहरू समावेश हुन्छन् । वित्तीय व्यवस्थामा खुद ऋण लगानी, खुद सेयर लगानी, ऋणपत्रमार्फत प्राप्त ऋण साँवा भुक्तानी, वैदेशिक ऋण साँवा भुक्तानीजस्ता खर्चहरू समावेश हुन्छन् ।

ऋणको बोझ बढ्दै गएको देखिन्छ । नेपाली मुद्राको अवमूल्यनले ऋणको दायित्व बढेको छ । गत चैत मसान्तसम्ममा नेपालको कूल ऋण २१ खर्ब पाँच अर्ब रूपैयाँ पुगेको छ ।

बजेटको आकारलाई हेर्दा हामीले निरन्तर वृद्धि भएको देख्न सक्छौं । तर, राजस्वले यी खर्चसँग तालमेल राख्न सकेको देखिँदैन । फलस्वरूप, यी लागतहरू पूरा गर्न ऋण र सहायतामा निर्भर हुनु परेको छ । सहायता घट्दो छ भने लक्षित ऋण पनि उठाउन सकिएको देखिँदैन । वर्तमान आर्थिक वृद्धिदर केवल दुई प्रतिशत छ । जबकि, मुद्रास्फीति लगभग ७.७६ प्रतिशत छ । यस्तो अवस्थामा सरकारले बजेट कार्यान्वयनका लागि आवश्यक समय सीमाभित्र पर्याप्त राजस्व उठाउन निकै ठूलो मिहेनत गर्नुपर्ने देखिन्छ ।

यो पृष्ठभूमिमा पुष्पकमल दाहाल नेतृत्वको सरकारले अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्ने, गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने, लगानीमैत्री वातावरण निर्माण गरी निजी क्षेत्रको मनोवल उच्च पार्ने, आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने, समष्टीगत आर्थिक स्थायित्व कायम गर्ने, संघीयताको सवलीकरण र सुशासन कायम गर्ने र बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारिता अभिवृद्धि गर्ने उद्देश्य लिएको पाइन्छ ।

यसैगरी सरकारले कृषि, ऊर्जा र पर्यटन क्षेत्रको विकास, लगानी प्रवर्द्धन, औद्योगिक विकास र व्यापार सन्तुलन, सामाजिक क्षेत्रको विकास र सामाजिक सुरक्षा, गुणस्तरीय भौतिक पूर्वाधार निर्माण, डिजिटल र हरित अर्थतन्त्रको प्रवर्द्धन, वातावरण संरक्षण, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, मानव संसाधन विकास र रोजगारी सिर्जना, वित्तीय क्षेत्र सुधार, वित्तीय संघीयताको सुदृढीकरण र सेवा प्रवाहमा सुधार र सार्वजनिक वित्त प्रणालीमा सुधारजस्ता प्राथमिकता अगाडि सारेको पाइन्छ ।

सरकारले ल्याउने नीति तथा कार्यक्रम वार्षिक योजना हो । यसैमा टेकेर ल्याइने वार्षिक बजेट नै सरकारको कार्यान्वयन रूप हो । अहिलेसम्म सत्तामा पुग्ने दलहरूले निर्वाचनका बेला गरेको प्रतिबद्धता नीति तथा कार्यक्रममा हुबहू ल्याउन सकेको देखिँदैन । जति नीति तथा कार्यक्रममा व्यक्त हुन्छ, त्यही मात्रामा बजेटमा सम्बोधन गर्न सकेको पाइँदैन । यो कार्यान्वयन तहमा पुग्दा थोरै सम्पादन भएको पाइन्छ । यसैले राजनीति र सार्वजनिक प्रशासनप्रति जनविश्वास गुम्दै गएको देखिन्छ ।

नेपालको मानव विकासमा सुधार ल्याउने हो भने आयु बढाउन स्वास्थ्य क्षेत्रमा लगानी गर्नुपर्छ । दक्ष जनशक्ति निर्माण गर्न र आम्दानी बढाउन रोजगारमूलक शिक्षा दिनैपर्छ । निजी क्षेत्रलाई प्रोत्साहित गर्नैपर्छ । नेपालमा युवाहरू धेरै छन् । युवाहरू देशका इञ्जिन हुन् । करिब दुई दशक यता नेपाली युवाहरूले माध्यमिक तहसम्म कहिल्यै फेल नहुने




शिक्षा पाएका छन् । उनीहरू रोजगारी चाहन्छन् । बजारले दक्ष जनशक्ति खोजेको छ । तर, कोरा प्रमाणपत्रको भारी बोक्न बाध्य युवाहरूले अदक्ष कामदारकै रूपमा देश छोड्नुपरिरहेको छ । अमेरिका र युरोपमा कमाउनेभन्दा आधामात्र कमाइ नेपालमै हुने हो भने त्यहाँ पुगेका नेपालीहरू पनि देशमै फर्कनेवाला छन् ।

नेपालको बजेटको आकार तीव्रगतिले वृद्धि भएको देखिन्छ । तर, विनियोजित बजेटको औसत ८२ प्रतिशतमात्रै सरकारले खर्च गर्न सकेको देखिन्छ । पछिल्लो प्रवृतिलाई हेर्दा यो आवमा पनि विनियोजित बजेटभन्दा वास्तविक खर्च घट्ने देखिन्छ । एक दशकको वास्तविक खर्चको औसत वृद्धिदर हेर्ने हो भने लगभग १६ प्रतिशत छ । तर, वास्तविक खर्चको वृद्धिदरलाई प्रचलित मूल्य र स्थिर मूल्यमा हेर्दा, प्रचलित खर्चको वृद्धिदर बढ्दै गएको देखिएता पनि स्थिर खर्चमा भने खासै वृद्धि भएको देखिँदैन ।

खर्चको प्रवृत्ति हेर्दा कूल खर्चको अत्यधिक हिस्सा लगभग ६७ प्रतिशत खर्च चालु खर्चमा गएको देखिन्छ । यस्तै १५ देखि २० प्रतिशतमात्र विकास निर्माण कार्यमा खर्च भएको देखिन्छ । चालु खर्चले प्रत्येक वर्षमा पुँजीगत खर्चलाई निरन्तर उछिनेको छ । यसबाट के कुरा थाहा हुन्छ भने सरकार दीर्घकालीन लगानीभन्दा तलब, मर्मतसम्भार र प्रशासनिक खर्चमा अल्मलिनुका साथै परिवर्तनकारी परियोजनाहरूमा पर्याप्त स्रोतहरू विनियोजन गर्न सकिरहेको देखिँदैन । यसैले देश कसरी विकास हुन सक्छ र ?

कूल खर्चमा राजस्वको योगदान औसत ६० प्रतिशतका साथ स्थिर रहेको छ । बाँकी रकम परिपूर्तिका लागि अन्य क्षेत्रसँग निर्भर हुनु परेको देखिन्छ । ऋणको भार बढ्दो छ । सहायता घट्दो छ । बजेटको आकार बढ्दो छ । बढ्दो बजेटसँगै राजस्वको योगदान बढ्न नसक्नु र सहायता घट्दै जाँदा, त्यसअन्तरलाई परिपूर्ति गर्न ऋणको मात्रा बढेको देखिन्छ । यसरी बढ्दो बजेटको आकारले

यो दशकमा सरकार शान्ति र संविधान निर्माण, भूकम्पका कारण क्षतिग्रस्त संरचनाको पुनर्निर्माण, कोभिड महामारी नियन्त्रण हुँदै उत्पादन र रोजगारमा केन्द्रित भएको पाइन्छ । नीतिगत रूपमा देशले गन्तव्य खोजिरहेको छ । तर, बजेट निर्माण गर्दा धरातलीय यथार्थतामा नटेक्ने र कार्यान्वयनमा कमजोर कार्य सम्पादन हुनुले लक्ष्य भेटाउन सकेको देखिँदैन । यसो भन्दैमा निराश पनि भइहाल्नु हुँदैन ।

नेपालको प्रकृतिलाई बचाउन हिमाल बचाउँ, नदी जोगाउँ, चुरे संरक्षण गरौं । मानव समाज समृद्ध बनाउन 'बालबालिकालाई लगानी, युवालाई रोजगारी र ज्येष्ठ नागरिकलाई सम्मान र सुरक्षा' कार्यक्रम लागू गरौं । सरकारले जसरी कृषकहरूका लागि भनेर 'उत्पादन साथमा, अनुदान हातमा' कार्यक्रम घोषणा गरेको छ, यहीअनुसार देशका युवालाई उत्पादनमा आकर्षित गर्ने प्रयत्न गरेको देखिन्छ । कुनै पनि नीति त्यतिकै बन्दैन । तर, नीति बनिसकेपछि त्यो नीतिलाई लागू गर्नु ठूलो कुरा हुन्छ । यसैले नेपाली युवालाई सरकारका नीति तथा कार्यक्रम र बजेटमा विश्वास लाग्ने व्यवहारको खाँचो छ । *राससं*

***(लेखक नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य हुनुहुन्छ)***



**पहिरोले अवरुद्ध सडक** | वर्षासँगै आएको पहिरोले उत्तर दक्षिण कोशी राजमार्गअन्तर्गत मंगलबार बिहानबाट अवरुद्ध भएको खाँदबारी–किमाथांका सडकखण्ड । *तस्बिरः भविन कार्की/रासस*

# वडाको सबै बजेट गाल्वा–शैलुङ सडकमा

■ **प्रभाव संवाददाता**

**रामेछाप–** बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षको बजेटमा पर्यटकीयस्थल गाल्वा-शैलुङ सडकखण्डलाई प्राथमिकता नदिएको सरोकारवालाले गुनासो गरेका छन् । चालु आर्थिक वर्षमा प्रदेश सरकारको एक करोड ४० लाख र दोरम्बा शैलुङ गाउँपालिकाको एक करोड गरी कूल दुई करोड ५० लाख रूपैयाँ बजेट विनियोजन भएको थियो ।

आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा संघ र प्रदेश सरकारले बजेट छुटचाएनन् । त्यसैले वडा नम्बर २ मा परेको ५० लाख रूपैयाँ बजेट सो सडकखण्डमा हालेको वडा नम्बर २ का वडाध्यक्ष मेचमान योञ्जनले बताए । वडामा रहेका ११ वटा टोल सुधार समिति, गैरसरकारी कार्यालयहरूबाट अनुमोदन भएको उनले बताए । सो सडकखण्डमा वडाको बजेटले सोलिङ तथा ग्राबलिङ गर्ने उनले बताए । हामीले यो सडकखडमा पहिलादेखि बजेट पेस गरेको भएता पनि यस वर्ष बजेट छुचाइएन । उनले भने, 'संघ र प्रदेशले बजेट नदिएकाले हाम्रो सम्पूर्ण वडाको बजेट यस सडकमा हालेको हो ।'

आगामी आर्थिक वर्षका लागि संघिय सरकार तथा बागमती प्रदेश सरकारले प्रस्तुत गरिएको निति तथा कार्यक्रममा गाल्वा दोरम्बा शैलुङ सडकखण्ड प्रथमिकतामा परेको थिएन । करिब १० किलोमिटर रहेको सो सडकखण्ड समयमा नै बन्न नसक्दा बर्खामा खाल्डा खुल्टी र हिलाम्य हुने गरेको उनले बताए । पछिल्लो सयम शैलुङ पर्यटकीय गन्तव्य बन्दै गएता पनि सडक बन्न सक्दा स्थानीय वा पर्यटकले सास्ती खेप्नुपरेको उनले बताए । अब आउने गाउँपालिकाको बैठकले यस क्षेत्रमा पनि बजेट विनियोजन आशा लिएको उनले बताए । यस क्षेत्रको सांसद तथा उच्च तहका नेताले पर्यटकीय क्षेत्रलाई हेरेन । उनले भने, 'त्यसैले वडाको सम्पुर्ा बजेट सो क्षेत्रमा हालेको हो।'

सरकारले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका बजेटमा चालु आर्थिक वर्षको भन्दा आगामी आर्थिक वर्षमा कम बजेट विनियोजन गरेको थियो । अर्थमन्त्री डा. प्रकाशशरण महतले प्रस्तुत गरेको आर्थिक २०८०/८१ को बजेट वक्तव्यमा मन्त्रालयका लागि एक खर्ब ३१ अर्ब ५९ करोड रूपैयाँ विनियोजन गरिएको हो । जबकि, चालु आवका लागि सरकारले भौतिक पूर्वाधारमा एक खर्ब ६१ अर्ब ५६ करोड रूपैयाँ बजेट विनियोजन गरेको थियो । जुन ३० अर्ब रूपैयाँ कम हो ।


## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०२/२६ गते निम्न विवरणको Pulsar 220 F Model को कालो, रातो रङको मोटरसाइकल ललितपुर, गोदावरी ५, लेले फैडोलबाट बिहानको करिब १:०० बजेदेखि ४:०० बजेभित्रको समयमा हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

कम्पनीको नाम : हुलास अटो कम्पनी
धनीको नाम : सम्भु घोड्वा
बाइक नं.: बा.प्र -०२-०३७ प ५८१३
च्यासिस नं.: MD2A13EX2NCL81979
इन्जिन नं. : DKXCNK36317
ठेगाना: ललितपुर
मो. :९८६०६०५१२५

## बीमालेख हरायो

मिति २०८०/०१/२६ गते, हाम्रो निम्न व्यहोरा भएको बीमालेख किर्तिपुरबाट कुमारीपाटी जाँदा हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

नाम : पार्वति महर्जन/बीमालेख नं : ३०८००००३८
नाम : श्रृष्मा महर्जन/बीमालेख नं : ३०८००००३९
नाम : मबि महर्जन/बीमालेख नं : ३०८००००४०
IME Life Insurance
ठेगाना :किर्तिपुर, काठमाडौं
सम्पर्क नं : ९८४१८०९९११ (दान बहादुर महर्जन)

## रोजगारको अवसर YUKSEL INSAAT SAUDIA CO LTD, SAUDI ARABIA पून: विज्ञापन

पुर्व स्विकृति मितिः 2079.08.26 चलानी नं. ६०१९३२८८ LT No. 27763

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलव SR | मासिक तलव N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Constrution Workers | 10 | काममा दक्ष | 1000 | 35020 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८० असार १३ गते (28 June 2023) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

TALENT OVERSEAS SERVICE PVT. LTD.
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.:01-4113744

## मालपोत कार्यालय सोलुखुम्बुबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

कोशी प्रदेश सोलुखुम्बु जिल्ला साविक वाकु गा.वि.स. वडा नं. ५ भई हाल माप्य दुधकोशी गाउँपालिका वडा नं. ६ बस्ने लाख बहादुर राईको बुहारी हित कुमार राईको पत्नी (ना.न. ४७०/६०९/१८३ मिति २०४५/०१/०६ सोलुखुम्बु) को सौवरी राईले मेरो पति हित कुमार राईको मिति २०७४/१२/१२ मा मृत्यु भएको र म निजको एकमात्र पत्नी भएको ले मृतक पतिका नाउँमा रहेका तपशील बमोजिमका जग्गाको सक्कल जग्गाधनी पुर्जा हराएको र श्रेस्तामा कि.न. फरक परेको, कि.न. छुटेको र वडा न. समेत फरक परेकोले संशोधन सहित फिल्डबुकका आधारमा श्रेस्ता कायम गरी सबैभन्दा नजिकको हकदार म एक मात्र पत्नीको नाउँमा नामसारी गरी पाउँ भनि माग निवेदन पेश गर्नु भएको हँदा यो हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तपशील बमोजिमका जग्गाहरु अरु कोही कसैको हकभोगमा भए वा कोही कसैलाई लिखत गरी दिएको भए वा अरू कसैको हक दावी पुग्ने भए आफुसँग भएको सवुद प्रमाण सहित हकदावी गर्न आउनु होला । अन्यथा प्रचलित ऐन कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैको लागि यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशील**

निवेदकले श्रेस्ता कायमका लागि दावि गरेका जग्गाको विवरण

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल व.मि. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सोलुखुम्बु | वाकु | ५ | १५६८ | ६५०५ | कि.नं.१५६ उल्लेख भएको |
| २. | सोलुखुम्बु | वाकु | ५ | १५९० | ४०५ | श्रेष्ता कायम गर्न छुटेको |
| ३. | सोलुखुम्बु | वाकु | ९ | ४४३ | ३६६५ | वडा नं.७ भई फरक परेको |
| ४. | सोलुखुम्बु | वाकु | ५ | १५७५, १५७८, १५७९, १५८४, १५९३ र १७०० | ६९०, ९१०, ५१३५, २२४०, २३०० र २७६० | सक्कल पूर्जा हराएको |
| ५. | सोलुखुम्बु | वाकु | ७ | १९६ | ३० | सक्कल पूर्जा हराएको |
| ६. | सोलुखुम्बु | वाकु | ९ | ४४४ र ४४५ | ३५६० र ३९१० | सक्कल पूर्जा हराएको |

इति संवत् २०८० साल जेठ महिना २१ गते रोज १ शुभम्......।

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRODUK MAKANAN ENAK GEMBIRA SDN BHD
पूर्व स्वीकृति मितिः २०७९/०५/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०५ LT. No.270534 चलानी नं. ६०१८६६७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 15 | 0 | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PACKAGING MASTER INDUSTRIES SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०९/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०५ LT. No. 277686 चलानी नं. ६०१९४०६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : THYE SHEN HUNG SDN.BHD.
पूर्व स्वीकृति मिति २०८०/०३/०४ LT. No. 288113 चलानी नं. ६०२०३४४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Wholesale Worker | 5 | 0 | 1500 | ४२,५१० | क.नि. अनुसारत | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १३ गते (28th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np
Govt. License 1342/074/75

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIVATE LIMITED COMPANY ONE PERSON COMPANY
पूर्व स्वीकृति मिति २०७९/०७/१५ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०५ LT. No. 274664 चलानी नं. ६०१९०३२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning | 4 | 0 | 1000 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY
पूर्व स्वीकृति मिति २०८०/०१/१२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०५ LT. No. 285287 चलानी नं. ६०२००७४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ORDINARY LABOR | 100 | 0 | 1000 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १२ गते (27th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PREGO CONTRACTING AND CLEANING WLL
पूर्व स्वीकृति मिति : २०८०/०१/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०५ LT. No. 284763 चलानी नं.६०२००७३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1100 | ३९,६२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manager | 1 | 0 | 5700 | २०५,३२० | | | | | | | |
| 3 | Mason | 2 | 0 | 1100 | ३९,६२५ | | | | | | | |
| 4 | Pipe Fitter | 2 | 0 | 1100 | ३९,६२५ | | | | | | | |

कम्पनी : S NAIL SPA BEAUTY SALOON COMPANY FOR LADIES.
पूर्व स्वीकृति मिति : २०७८/०७/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/०५ LT. No. 250672 चलानी नं.६०१६७६९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Haidresser | 0 | 3 | 130 | ५५,५०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Saloon Worker | 0 | 4 | 120 | ५१,२५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १३ गते (28th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL- OSAIS-INABENSA CO.LTD
पूर्व स्वीकृति मिति २०८०/०३/०५ LT. No. 288052 चलानी नं. ६०२०३४४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Labor | 1 | 0 | 1000 | ३४,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार १३ गते (28th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Gulf Link Overseas Pvt. Ltd.
श्रम ईजाजत नं. ५८३/०६२/०६३
Basundhara Chauki, Kathmandu, Nepal. Tel: + 977-1-4958004
Fax: +977-1-4006626, Email: info@gulflinkoverseas.com, gulflinkoverseaspvtltd@gmail.com
Website: www.gulflinkoverseas.com

## बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
नुवाकोट

**समारी- कल्लाबारी- परमाचेत हुदै धादिङ जोड्ने सडक (११.२२ कि.मि., नुवाकोट र धादिङ जिल्ला) को स्तरोन्नती कार्यको प्रारम्भिक वातावरणीय प्रारक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८०/०३/०६**

बागमती प्रदेश, नुवाकोट जिल्लाको म्यागङ गाउँपालिका र धादिङ जिल्लाको नीलकण्ठ नगरपालिकामा पूर्वाधार विकास कार्यालय, नुवाकोटद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, नुवाकोट, बागमती प्रदेश |
| प्रस्तावको व्यहोरा | समारी- कल्लाबारी- परमाचेत हुदै धादिङ जोड्ने सडक (११.२२ कि.मि.); स्तरोन्नति सडक म्यागङ गाउँपालिका- ५, समारी भञ्ज्याङ्ग देखि नीलकण्ठ नगरपालिका -१४, धुवाकोट सम्म<br>क्षेत्राधिकार- २० मि. (१०/१० मि. दुवैतिर) फर्मेसन चौडाई : नाली बाहेक ७ मि केरियज वे चौडाई : ५.५ मि. शोल्जरः दायाँ/बायाँ दुवै छेउ ०.७५ मि.) प्रस्तावित सतह - कालोपत्रे |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा./गा.पा र वार्ड | नुवाकोट जिल्ला, म्यागङ गाउँपालिका -५<br>धादिङ जिल्लाको नीलकण्ठ नगरपालिका -१४ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनि या यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय-सुझावको लागि ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, नुवाकोट; फोनः ०१०-५६०८५९;<br>ईमेलः idonuwakot@bagamati.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | हाइड्रोकोन नेपाल प्रा.लि., संखमुल, काठमाडौं; सम्पर्क : ९८५१२२४७३४;<br>इमेलः nepal.hydrocon@gmail.com |

प्रभाव दैनिक




## चलचित्र निर्देशनको तयारीमा जेम्स

नेपाली गीतसङ्गीतमा गायक जेम्स प्रधान स्थापित नाम हुन् । तीन दशकदेखि गायनसँगै सङ्गीतकार, एरेन्जर, गीतकार, विज्ञापन निर्माताका रूपमा परिचित प्रधान निर्देशक पनि बनेका छन् । छोटो चलचित्र 'सर्ट टर्म मेमोरी लस' मार्फत निर्देशकीय यात्राको प्रारम्भ गरका उनले ठूलो पर्दाका लागि चलचित्र निर्देशन गर्ने योजना सुनाए । 'यी छोटा चलचित्रको निर्देशनलाई खुड्किलोका रूपमा बुझ्न सक्नुहुनेछ । किनकि म फरक फरक काममा आफूलाई प्रस्तुत गर्न चाहन्छु', गायक प्रधानले भने, 'मैले कागजमा धेरै कथा कोरिसकेको छु, त्यसलाई मूर्तरूप भने दिन सकेको छैन । निकट भविष्यमा मेरो निर्देशकीय क्षमतालाई ठूलो पर्दामा समेत प्रस्तुत गर्न चाहन्छु ।'



बुधबार, ६ असार २०८० (Wednesday, June 21, 2023)



# काँठे भाकाको प्रवर्द्धनमा समर्पित नमराज

■ प्रभाव संवाददाता

**काठमाडौं–** सुनिरहु लाग्ने, जति सुन्यो त्यत्ति लठ्ठ बनाउने स्वरका धनी गायक हुन्, नमराज ढुङ्गाना । लोकगीत संगीतका बादशाह ढुङ्गाना खासगरि काँठे गीत गायनमा निकै चर्चित छन् ।

दुई सय भन्दा बढी गीतमा स्वर दिएका ढुङ्गाना दुई दशक भन्दा लामो समय देखि निरन्तर क्रियाशिल छिन् । गाउँघरको भाकालाई टपक्कै टिपेर गाउन सक्ने ढुङ्गानाका कयौं गीतहरू जनजिब्रोमा सहजै झुण्डिने गरेका छन् । मौलिक लयमा गीत गाउने भएकोले पनि होला धेरैको हृदयलाई सहजै स्पर्श गर्न सक्छन् ढुङ्गानाका गीतले ।

राजधानी काठमाडौं र आसपासका जिल्लाहरूको परिवेश झल्कने भएकैले त्यस्ता गीत संगीतलाई काँठे गीत भन्ने गरिन्छ । राजधानी सहर आसपासमा विदेशी संस्कार संस्कृति तथा गीतसंगीतको प्रभाव पर्नु सामान्य कुरा भयो । तर, ढुङ्गानाले आफ्ना गीत मार्फत यहाँको मौलिक संस्कार र संस्कृति, गीत तथा संगीतको जर्गेना गर्दै आए । गीतसंगीतका माध्यमबाट नयाँ पुस्तामाझ आफ्नो काँठे लोक भाकालाई सुरक्षित रूपमा हस्तान्तरण गर्न पनि उनी सफल छन् । त्यसैले न उनका गीतहरू हरेक उमेर र वर्गका स्रोता दर्शकमाझ लोकप्रिय छन् । यद्यपी ढुङ्गानाको गायन कला काँठे गीतमा मात्र सिमित छैन । उनी पूर्वेलि, पश्चिमेली मात्र नभएर बिभिन्न जनराका लोकगीतमा उत्तिकै सफल छन् ।

गायनका साथ साथै ढुङ्गानाले काँठे गीतसंगीतको प्रवर्द्धनका लागि समेत उत्तिकै महत्वपूर्ण भूमिका निभाएका छन् । ढुङ्गानाकै नेतृत्वमा २०७६ बाट राष्ट्रिय काँठे लोकदोहोरी महोत्सव शुरु भयो । निरन्तर रूपमा सम्पन्न हुँदै आइरहेको यो महोत्सवले काँठे भाकाको प्रवर्द्धन मात्र गरेन, यसले काँठे गायन प्रति नवगायक गायिकाको चासो र सक्रियता पनि बढायो । फलत: पछिल्लो समय काँठे भाकाको बजार ह्वात्तै बढेको छ । ढुङ्गाना आफैमा त सफल गायक हुन् नै, उनले अन्य थुप्रै गायक गायिकालाई काँठे भाकाको लोक गायनमा स्थापित हुन् समेत सहयोग गरिरहेका छन् ।

ढुङ्गानाले काठमाडौं हडकड बजारमा, सल्लेरिको बन, उलेनी काठैमा, अन्माएर पठायौ पञ्चे बाजा, मायाको भोको छु, रातो फुलबुट्टे चोलाको, पिरतीमा दम छ, फुलको बाँसनालेलगायतका दजनौ हिट गीत दिइसकेका छन् । उनका केही गीतले टिकटक लगायतका सञ्जालहरूमा काठेगीत संगीतको इतिहासमै अत्याधिक भ्यूज समेत प्राप्त गरेका छन् ।

नेपालमा काँठे लोकभाकाको लोकप्रियता बढेसँगै ढुङ्गानाको व्यस्तता पनि बाक्लिएको छ । गीतसंगीतको रेकर्डिङ त छदै छ, बिभिन्न स्टेज कार्यक्रमहरूमा पनि आफ्नो गायन प्रस्तुतिका लागि उनी व्यस्त छन् । देश भित्र सय भन्दा बढी मेला, महोत्सव तथा साँस्कृतिक कार्यक्रमहरूमा गायन प्रस्तुति दिइसकेका ढुङ्गाना विदेशका शोहरूमा पनि उत्तिकै डिमाण्डेड गायक हुन् ।

काँठे मात्र नभएर लोक भाकाका बिभिन्न बिधामा शशक्त प्रस्तुति दिन सक्ने भएकैले उनलाई स्टेज प्रस्तुतिका लागि बाक्लै अफर आउने गर्छ । उनले नेपाल बाहेक, युरोपका बिभिन्न देशहरू, कोरिया, मलेशिया, सिंगापुर, थाइल्याण्ड, चाइना, भारतलगायतका देशमा गायन प्रस्तुति दिइसकेका छन् ।

संगीतको औपचारिक अध्ययन गरेर यस क्षेत्रमा आएका ढुङ्गानासँग सुर, ताल र रागको गहिरो ज्ञान छ । गायनका आधारभूत तत्वहरू बारे जानकार भएकैले ढुङ्गानाको गायकीमा खोट लगाउने ठाँउ खासै नभेटिने बताउँछन् समिक्षक तथा गीतकार डब्बु क्षेत्री । गीतकार क्षेत्रीका अनुसार ढुङ्गानाले शब्द र संगीतको भाव बुझेर गीत गाउने गर्दछन् । आफ्नो सृजनामा उत्कृष्टता खोज्ने ढुङ्गानाले उत्कृष्ट गायकको रूपमा बिभिन्न अवार्डहरू समेत प्राप्त गरेका छन् ।

सगरमाथा म्युजिक अवार्ड २०२२, नीम अवार्ड २०२३ लगायतका अवार्डहरूमा उत्कृष्ट गायकको अवार्ड प्राप्त गरिसकेका ढुङ्गानालाई काठे गीत गायनका माध्यमबाट लोकसंगीतमा पुर्‍याएको योगदानका लागि थुप्रै संघसंस्थाहरूले सम्मानहरू समेत प्रदान गरेका छन् । सम्पूर्ण संगीतकर्मीहरू एक हुन् सकेमा गीतसंगीत क्षेत्रको आमुल परिवर्तन गर्न सकिन्छ भन्ने बुझाइ राख्ने ढुङ्गानाले राष्ट्रिय संगीतकर्मी संघको बरिष्ठ उपाध्यक्ष तथा राष्ट्रिय लोक साँस्कृतिक प्रतिष्ठान नेपालको केन्द्रिय महासचिवका रूपमा संगीतकर्मीहरूको हकहितका लागि नेतृत्वदायि भूमिका समेत निभाइरहेका छन् ।

# चलचित्र निर्देशन गर्दै विजय लामा

**काठमाडौं (प्रस)–** कलाकार तथा पाइलट विजय लामाले फिल्म निर्देशन गर्ने भएका छन् । उनी 'निरमाया' भन्ने फिल्मबाट निर्देशनमा होमिन लागेका हुन् । फिल्म निर्माणको लगभग तयारी सकिएको उनले बताए । 'टेलिसिरियल, म्युजिक भिडियो, विज्ञापन फिल्म निर्देशक र धेरै अभिनय गरेको अनुभव छ मसँग । त्यो सबै अनुभव निर्देशनमा खन्याउन खोज्दै छु', विजयले भने 'निरमाया' भन्ने फिल्मको तयारी लगभग सकिएको छ । यसबाटै फिल्म निर्देशनमा मेरो डेब्यु हुन्छ कि ।' फिल्मको विषयमा विस्तृत जानकारी पछि दिने उनले बताए ।

विसं २०४० को फिल्म 'आदर्श नारी'बाट अभिनेताको रूपमा यात्रा सुरु गरेका विजयको अभिनय यात्रा अहिले पनि जारी छ । उनी अभिनीत पछिल्लो फिल्म 'अन्तिम संस्कार' अगामी शुक्रबारबाट प्रदर्शनमा आउँदैछ । अहिलेसम्म ६० बढी नेपाली फिल्म, हलिउड फिल्म, थुप्रै म्युजिक भिडियो र टेलिशृफ्लामा अभिनय गरेका उनले हिरोदेखि भिलेनसम्म, सहायकदेखि चरित्र अभिनेतासम्म अभिनय गरेका छन् । उनी गायक पनि हुन् ।

# फिल्म खेल्दै सकम्बरी अर्थात् कुशुम

**काठमाडौं (प्रस)–** गायक प्रकाश सपुतको 'सकम्बरी' गीतको म्युजिक भिडियो अभिनयपछि रातारात चर्चाको केन्द्र बनेकी मोडल कुसुम शर्मा फिल्म डेब्यू गर्ने भएकी छिन् । दिनेश श्रेष्ठको निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'सञ्जिवनी' मा उनको अभिनय रहने भएको हो ।



फिल्ममा उनी अभिनेता आर्यन सिग्देलको जोडी बन्न लागेकी हुन् । निर्देशक श्रेष्ठले फिल्मको पोष्टर शर्मा र सिग्देललाई राखेर सार्वजनिक गरेका छन् ।

फिल्ममा आर्यन र कुसुमको अलावा श्रद्धा क्षेत्री, अर्जुन श्रेष्ठ, अन्सुया श्रेष्ठ लगायतको मुख्य भूमिका रहनेछ । प्रेमकथामा निर्माण हुन लागेको फिल्मको छायांकन भदौबाट सुरु हुनेछ ।

श्रेष्ठले यस अगाडि 'शकुन्तला, चि मुसी चि' लगायतका फिल्म निर्देशन गरेका छन् ।



आइसिसी एकदिवसीय विश्वकप छनोट

# भिम र करणको उत्कृष्ट क्रिकेटले अमेरिकाविरुद्ध नेपालको शानदार जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले आइसिसी एकदिवसीय विश्वकप छनोटमा अमेरिकालाई पराजित गरेको छ ।

जिम्बावेका ताकशिंगा स्पोर्ट्स क्लबमा मंगलबार भएको खेलमा नेपालले अमेरिकालाई ६ विकेटले पराजित गर्दै विजयी हासिल गरेको हो । यस जितसँगै नेपालले शीर्ष तीनमा रहँदै सुपर सिक्समा स्थान बनाउने सम्भावनालाई बलियो बनाएको छ ।

अमेरिकाले जितका लागि दिएको २ सय ८ रनको मध्यम लक्ष्य दिएको थियो । जवाफमा नेपालले ४३ ओभरमा ४ विकेट गुमाउँदै पूरा गर्‍यो । नेपालको जितमा भीम सार्कीले सर्वाधिक ७७ रनको योगदान दिए । उनले १ सय १४ बलमा ७ चौका र १ छक्कासहित अविजित ७७ रन बनाएका हुन् ।

त्यस्तै दीपेन्द्रसिंह ऐरी ३२ बलमा ५ चौका र १ छक्कासहित ३९ रनमा अविजित रहे । त्यस्तै ओपनर कुशल भुर्तेल ५४ बलमा ४ चौका र १ छक्कासहित ३९ रनमा आउट भए । अर्का ओपनर आसिफ शेखले १२ रन बनाए । कप्तान रोहित पौडेल २९ बलमा २ चौकासहित १६ रनमा आउट भए । कुशल मल्ल १३ बलमा १ चौका र १ छक्कासहित १३ रनमा आउट भए ।

बलिङतर्फ अमेरिकाका सौरभ नेत्रवालकर, केन्जिगे, निसर्ग पटेल र स्टिभ टेलरले समान एक/एक विकेट लिए ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको अमेरिकाले ४९ ओभरमा सबै विकेट गुमाउँदै २ सय ७ रन बनाएको थियो । अमेरिकाका लागि शायन जाहान्गिरले सर्वाधिक एक सय रनको योगदान दिए । उनले ७९ बलमा १० चौका र ३ छक्काको सहयोगमा अविजित एक सय रनको योगदान दिएका हुन् ।

सुशान्त मोदनीले ४२ रन बनाए । उनले ७१ बलमा ३ चौका र एक छक्का प्रहार गर्दै ४२ रन बनाएका हुन् । त्यस्तै गजानन्द सिंहले २६ रन बनाए । उनले ४१ बलमा २ चौका र १ छक्काको सहयोगमा २६ रन बनाएका हुन् । जसदिप सिंहले २५ बलमा १२ रन बनाए ।

नेपालका लागि करण केसीले ४ विकेट लिए । तेस्तै गुलशन झाले ३ विकेट लिए भने दीपेन्द्रसिंह ऐरी २ विकेट तथा ललितनारायण राजवंशीले १ विकेट लिए । ललितले १० ओभर बलिङ गर्द २० रनमात्र दिए १ विकेट हात पारेका हुन् । अन्तिमका तीन विकेट गुल्सन झाले लिएका थिए ।

त्यस्नै स्टार क्रिकेटर सन्दीप लामिछानेले यसखेलमा केही महंगो सावित भए । उनले १० ओभरमा ५८ रन दिँदै कुनै पनि विकेट लिएनन् । उनले यसअघि जिम्बाबेसँगको खेलमा पनि विकेट लिन सकेका थिएनन् । प्रतियोगितामा नेपाललाई उत्कृष्ट क्रिकेटसहित जित दिलाएका करण केसी म्यान अफ द म्याच घोषित भए ।

जारी प्रतियोगितामा दुई खेल खेलको नेपालको यो पहिलो जित हो । यसअघि भएको पहिलो खेलमा नेपाल जिम्बावेसँग ८ विकेटले पराजित भएको थियो । नेपालले अब आफ्नो तेस्रो खेल यही असार ७ गते वेस्टइन्डिजसँग खेल्नेछ । त्यसैगरी मंगलबारै सम्पन्न अर्को खेलमा घरेलु टोली जिम्बाबेले नेदरल्याण्डलाई ६ विकेटले पराजित गरेको छ ।

काभा पुरुष भलिबल

# इरानसँग नेपाल पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** किर्गिस्तानमा जारी सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) पुरुष भलिबल नेसन्स लिगमा नेपालले लगातार तेस्रो खेलमा हार व्यहोरेको छ ।

बिस्केकस्थित स्पोर्ट्स एण्ड रिक्रिएसन कम्प्लेक्समा मंगलबार इरानसँग पराजित हुँदै नेपालले लगातार तेस्रो हार बेहोरेको हो ।

इरानले नेपाललाई ३-० को सोझो सेटमा हराएको हो । नेपालमाथि इरानले २५-१६,२५-२२ र २५-२२ को सोझो सेटमा जित निकाल्यो ।

यस अघि नेपालले पहिलो खेलमा मंगोलिया र दोस्रो खेलमा आयोजक किर्गिस्तानसँग हार व्यहोरेको थियो थियो ।

काभा नेसन्स लिगमा नेपालसहित ७ टोलीको सहभागिता रहेको छ । अब नेपालले चौंथो खेलमा बिहीबार तुर्किमिनिस्तानको सामना गर्नेछ । यस्तै अन्तिम तथा पाँचौं खेलमा किर्गिस्तानको 'बी' टोलीसँग खेल्ने छ ।

सिंगल राउण्ड रोबिनको आधारमा हुने प्रतियोगिताको शीर्ष दुई टोलीले उपाधिका लागि खेल्नेछ । यस्तै तेस्रो र चौंथो हुने टोलीले तेस्रो स्थानका लागि प्रतिस्पर्धा गर्ने छन् ।

अन्तर नगपालिका यू-१८ बास्केटबल

# आयोजक कीर्तिपुर समूह विजेता

■ प्रभाव संवाददाता




**काठमाडौं –** आयोजक कीर्तिपुर नगरपालिकाले कीर्तिपुर नगरपालिका अन्तर नगरपालिका मेयर कप यु-१८ पुरुष बास्केटबल प्रतियोगितामा मंगलबार सेमिफाइनलमा प्रवेश गरेको छ ।

कीर्तिपुर समूह 'बी' को विजेता बन्दै सेमिफाइनलमा पुग्यो । कीर्तिपुर कभर्डहलमा कीर्तिपुरले ललितपुर महानगरपालिकालाई ८९-८० ले पराजित गर्‍यो । कीर्तिपुरका आदित्य डंगोलले २६ अंक जोडे । सुरुका तीन क्वाटरमा कीर्तिपुरले क्रमश: २२-१७, २५-१५ र २७-२२ को अग्रता बनाउदै जितको आधार खडा गरेको थियो । ललितपुरले चौथो तथा अन्तिम क्वाटर २६-१५ ले आफ्नो पक्षमा पारेपनि जित हात पार्न सकेन । पराजयका बावजुद ललितपुर पनि समूह उपविजेता हुँदै सेमिफाइनलमा पुग्न सफल भयो ।

अन्नपूर्ण गाउँपालिकाले समूह 'ए' को विजेताका हैसियतले सेमिफाइनलमा स्थान सुरक्षित गर्‍यो । समूह विजेता बन्न अन्नपूर्णले टोखा नगरपालिकालाई ९९-७७ ले पन्छायो । अन्नपूर्णका राजेश गर्बुजाले १८ स्कोर गरे । पहिलो क्वाटरमा ३०-२४ को अग्रता लिएको अन्नपूर्ण दोश्रोमा १६-१७ ले पछि पर्‍यो । अन्नपूर्णले तेश्रोमा ३१-२३ र चौथोमा २२-१३ ले अग्रता लिदै जित अन्तर फकारिलो बनायो । सेमिफाइनलमा अन्नपूर्णको भेट ललितपुरसँग हुनेछ भने कीर्तिपुरले नागर्जुन नगरपालिका विरुद्ध प्रतिस्पर्धा गर्ने छ । सेमिफाइनल बिहीबार हुनेछ ।

# कतार र चीनबीच दोस्रो दीर्घकालीन ग्यास आपूर्तिका लागि सम्झौता




**दोहा–** कतारले विश्वको सबैभन्दा ठूलो प्राकृतिक ग्यास क्षेत्रबाट उत्पादन विस्तार गर्दै चिनियाँ कम्पनीसँग २७ वर्षे दोस्रो आपूर्ति सम्झौताको घोषणा गरेको छ । 'चाइना नेसनल पेट्रोलियम कर्पोरेसन (सिएनपिसी)' लाई वार्षिक ४० लाख टन आपूर्ति गर्ने यो सम्झौता चीनको सिनोपेकसँग नोभेम्बरमा भएको सम्झौतासँग मेल खान्छ । चीन, जापान र दक्षिण कोरियाको नेतृत्वमा एसियाली देशहरू कतारको ग्यासको मुख्य बजार हुन्, जुन गत वर्षको सुरुमा रूसले युक्रेनमा आक्रमण गरेपछि युरोपेली देशहरूले बढ्दो रूपमा खोजी गरिरहेका छन् ।

'कतारले २७ वर्षको अवधिमा 'नर्थ फिल्ड इस्ट एक्सपेन्सन प्रोजेक्ट'बाट चीनलाई वार्षिक ४० लाख टन प्राकृतिक ग्यास आपूर्ति गर्नेछ,' कार्यक्रमका कार्यकारी निर्देशक मुसाबे अल काबीले दोहामा आयोजित हस्ताक्षर समारोहमा भने, 'यो उत्तर क्षेत्र पूर्व विस्तार परियोजनाअन्तर्गत चीनलाई दोस्रो तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) बिक्री र खरिद सम्झौता हुनेछ ।'

विश्वको सबैभन्दा ठूलो प्राकृतिक ग्यास भण्डार रहेको र खाडीअन्तर्गत इरानी क्षेत्रमा फैलिएको नर्थ फिल्डमा गतिविधिहरू विस्तार गरेर कतारले आफ्नो एलएनजी उत्पादन ६० प्रतिशतभन्दा बढीले वृद्धि गर्दै २०२७ सम्ममा वार्षिक १२६ मिलियन टन पुऱ्याउने बताएको छ ।

सिएनपिसीले नर्थ फिल्ड इस्टमा पाँच प्रतिशत ब्याजको लागि एक वर्षमा ८० लाख टन एलएनजीको आपूर्ति गर्नेगरी छुट्टै सम्झौतामा हस्ताक्षर गरेको छ ।

सिएनपिसीका अध्यक्ष दाई होउलियाङले भने, 'यसले आगामी तीन दशकमा दुई पक्षबीच ऊर्जा सहकार्यका लागि ठोस आधार तयार पार्छ । सिएनपिसीले हाइड्रोकार्बन उद्योग श्रृंखला र हरित र कम कार्बन ऊर्जा जस्ता अन्य क्षेत्रहरूमा कतारइनर्जीसँग चौतर्फी सहयोगबारे सक्रिय रूपमा छलफल जारी राख्नेछ ।

यसै महिनाको सुरुमा कतारइनर्जीले बंगलादेशको सरकारी कम्पनी पेट्रोबंगलासँग १५ वर्षका लागि आपूर्ति सम्झौता गरेको थियो भने गत महिना उसले फ्रान्सको टेक्निप इनर्जिज एण्ड कन्सोलिडेटेड कन्ट्र्याक्टर्स कम्पनीलाई नर्थ फिल्ड साउथ परियोजनाको इञ्जिनियरिङ, खरिद र निर्माणका लागि १० अर्ब अमेरिकी डलरको ठेक्का दिएको थियो ।

अप्रिलमा, सिनोपेक उत्तर क्षेत्र पूर्व विस्तारमा हिस्सेदारी प्राप्त गर्ने पहिलो एसियाली कम्पनी बनेको थियो र यसले पनि पाँच प्रतिशत हिस्सा प्राप्त गरेको थियो । *रासस/एएफपी*

# युक्रेन आक्रमणपछि चीनमा रूसी तेलको आयात अत्यधिक वृद्धि

**बेइजिङ–** मस्कोले फेब्रुअरी २०२२ मा युक्रेनमा गरेको आक्रमणपछि गत महिना चीनमा रूसी तेलको आयात उच्चस्तरमा पुगेको भन्सारको तथ्यांकले मंगलबार देखाएको छ । चीन रूसको सबैभन्दा ठूलो आर्थिक साझेदार हो र गत वर्ष दुई देशबीचको व्यापार १९० अर्ब अमेरिकी डलर पुगेको थियो ।

मे महिनामा चीनले रूसबाट ९७ लाख १० हजार टन तेल आयात गरेको थियो । जुन फेब्रुअरी २०२२ को तुलनामा दोब्बरभन्दा बढी हो ।

यो आँकडाले दुई देशबीचको आर्थिक सम्बन्धको व्यापक प्रगाढतालाई प्रतिबिम्बित गरेको छ । युक्रेनमा मस्कोको आक्रमणपछि मे महिनामा रूसको चीनसँगको समग्र व्यापार अहिलेसम्मको उच्चस्तरमा पुगेको छ । गत वर्षको अन्त्यमा ऊर्जाको मागमा कटौती गरेको कडा शून्य-कोभिड उपायहरूको अन्त्यपछि चीनको पुनः उत्थान अर्थव्यवस्थाको सन्दर्भमा पनि यी घटनाहरू देखापरेको हुनसक्ने अनुमानहरू पनि गरिएका छन् ।

गत मार्चमा भएको शिखर सम्मेलनमा चिनियाँ राष्ट्रपति सी चिनफिङ र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले सन् २०२३ मा व्यापारलाई २०० अर्ब अमेरिकी डलर पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका थिए । रूसका उपप्रधानमन्त्री अलेक्जेन्डर नोभाकले गत महिना भनेका थिए, 'यो वर्ष चीनमा रूसी ऊर्जा आपूर्ति ४० प्रतिशतले वृद्धि हुनेछ ।'

सन् २०२२ मा युक्रेनमा मस्कोले गरेको आक्रमणलाई लिएर पश्चिमा मुलुकले गरेको कारबाहीका कारण रूसको ग्यास निर्यातमा गिरावट आएको थियो । यसै महिना रूसको अर्थतन्त्रका बारेमा बोल्दै पुटिनले गत वर्षको दोस्रो त्रैमासिक अकल्पनीय प्रतिबन्धपछि 'सबैभन्दा कठिन' भएको बताएका थिए ।

युरोपले अन्य ऊर्जा आपूर्तिकर्ताहरूको खोजी गर्दा मस्कोले चीनसहित वैकल्पिक बजारको खोजी गर्दै एसियाली मुलुकसँगको व्यापारलाई महत्त्व दिएको छ । चीन यस पहिले नै साइबेरिया पाइपलाइनद्वारा



जोडिएको छ । राष्ट्रपति सीसँगको वार्तापछि पुटिनले नयाँ 'पावर अफ साइबेरिया-२' परियोजनाका लागि 'सबै सम्झौता भएको' बताएका थिए । त्यो पाइपलाइनले वार्षिकरूपमा चीनमा ५० अर्ब क्युबिक मिटर अर्थात् लगभग रूसदेखि जर्मनीसम्म परित्यक्त 'नोर्ड स्ट्रिम-२' परियोजनाको कूल क्षमताको बराबर प्राकृतिक ग्यासको परिवहनको सुविधा प्रदान गर्न सक्छ ।

मस्को नयाँ पाइपलाइन अगाडि बढ्नेमा विश्वस्त छ, तर बेइजिङले अहिलेसम्म स्पष्ट प्रतिबद्धतालाई बेवास्ता गरेको छ । चीन र रूसले हालैका वर्षहरूमा आर्थिक सहयोग र कूटनीतिक सम्पर्क बढाएका छन् र युक्रेनमाथिको आक्रमणपछि उनीहरूको रणनीतिक साझेदारी अझ घनिष्ठ हुँदै गएको छ ।


बेइजिङले युद्धमा आफू तटस्थ पार्टी भएको दाबी गरे पनि मस्कोको निन्दा गर्न अस्वीकार गरेको र रूससँगको सम्बन्धका कारण पश्चिमा देशहरूले चीनको आलोचना गर्दै आएका छन् । विश्लेषकहरूका अनुसार रूससँगको सम्बन्धमा चीनको प्रभाव उच्च छ । मस्कोको अन्तर्राष्ट्रिय अलगाव गहिरिँदै जाँदा चीनको सम्बन्ध बढ्दै गएको छ ।

गत फेब्रुअरीमा बेइजिङले एक पत्र जारी गर्दै द्वन्द्वको 'राजनीतिक समाधान'का लागि आह्वान गरेको थियो, जसले गर्दा पश्चिमा देशहरूले रूसले कब्जा गरेको अधिकांश भूभाग आफ्नो कब्जामा राख्नसक्ने बताएका थिए ।

मार्चमा मस्कोमा भएको शिखर सम्मेलनमा सीले पुटिनलाई बेइजिङ भ्रमणको निम्तो दिएका थिए र दुई नेताले सम्बन्ध 'नयाँ युगमा प्रवेश गरेको' घोषणा गरेका थिए ।

गत महिना युक्रेन आक्रमणपछि रूसी अधिकारीको चीन भ्रमणका क्रममा प्रधानमन्त्री मिखाइल मिशुस्तिनसँगको भेटमा चिनियाँ नेताले मस्कोको 'प्रमुख स्वार्थ'मा आफ्नो 'दृढ समर्थन' व्यक्त गरेका थिए । *रासस/एएफपी*

# प्रधानमन्त्री मोदी अमेरिकामा



**नयाँदिल्ली–** प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो पहिलो ऐतिहासिक राजकीय भ्रमणका लागि मंगलबार संयुक्त राज्य अमेरिका प्रस्थान गरेका छन् ।

अमेरिका प्रस्थान गर्नुअघि प्रधानमन्त्री मोदीले ट्वीटमा लेखेका छन्, 'अमेरिका प्रस्थान गर्दै छु, जहाँ म न्युयोर्क सहर र वासिङ्टन डिसीमा हुने कार्यक्रममा सहभागी हुनेछु । ती कार्यक्रमा योग दिवस मनाउने, राष्ट्रपति बाइडेनसँग वार्ता गर्नेलगायतका छन् ।'

प्रधानमन्त्री मोदीलाई अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनले भ्रमणको निमन्त्रणा दिएका हो । भ्रमण न्युयोर्कमा सुरु हुनेछ जहाँ प्रधानमन्त्रीले जुन २१ मा संयुक्त राष्ट्रसंघ मुख्यालयमा अन्तरराष्ट्रिय योग दिवस मनाउने कार्यक्रमको नेतृत्व गर्नेहुनेछ ।

प्रधानमन्त्री मोदी त्यसपछि वासिङ्टन डिसी प्रस्थान गर्ने छन् जहाँ उनले जुन २२ मा ह्वाइट हाउसमा राष्ट्रपति बाइडेनलाई भेट्नुहुनेछ । राष्ट्रपति बाइडेन र प्रथम महिला जिल बाइडेनले सोही दिन साँझ प्रधानमन्त्रीको सम्मानमा रात्रि भोजको आयोजना गर्नु हुनेछ । प्रधानमन्त्री मोदीले जुन २२ मा अमेरिकी कांग्रेसको संयुक्त बैठकलाई पनि सम्बोधन गर्ने कार्यक्रम तय भएको छ । रासस/एएनआई

# श्रीलंकामा यो वर्ष सडक दुर्घटनामा एक हजार ४३ जनाको मृत्यु

**कोलम्बो–** श्रीलंकामा यो वर्ष अहिलेसम्म कूल आठ हजार ८७५ वटा सडक दुर्घटना भएका छन् । ती विभिन्न दुर्घटनामा एक हजार ४३ जनाको मृत्यु भएको छ । यातायातमन्त्री लासान्था अलागियावान्नाले सोमबार सो जानकारी गराएका हुन् ।

यी दुर्घटनामा अधिकांश बस, मोटरसाइकल र तीनपांग्रे सवारीसाधन रहेको पनि मन्त्रीले सञ्चारमाध्यमलाई बताएका छन् ।

यसैबीच दुर्घटना न्यूनीकरणका लागि सहकार्यात्मक कार्ययोजना अघि बढाइएको छ । पश्चिमाञ्चल प्रदेशमा मदिरा र लागुऔषध सेवन गरी सवारी चलाउने चालकको पहिचान गर्न मे १८ गतेदेखि पाइलट कार्यक्रम सुरु गरिएको मन्त्रीले बताएका छन् ।

सोमबारदेखि आइतबारसम्म पश्चिमाञ्चल प्रदेशमा लागुऔषध सेवन गरी सवारी चलाएको आशंकामा एक हजार ७८१ चालकको परीक्षण गरिएको राज्यमन्त्रीले जानकारी दिएका छ ।

श्रीलंकामा सन् २०२२ मा करिब १९ हजार ७४० सडक दुर्घटना भएको थियो जसमा दुई हजार चार सय ८५ जनाको मृत्यु भएको थियो । *रासस/सिन्ह्वा*

# अफगानिस्तानमा ८० एकड क्षेत्रफलमा लगाइएको अफिम खेती नष्ट

**शिबर्गान–** अफगानिस्तानको प्रहरीले गत दुई महिनामा अफगानिस्तानको उत्तरी जाज्जान प्रान्तमा करिब ८० एकड जमिनमा लगाइएको अफिम नष्ट गरेको छ ।

'विगत दुई महिनामा, शृंखलाबद्ध अपरेसनमा हामीले जाज्जान प्रान्तका सात जिल्लामा छ एकड चरेस फार्मसहित ८० एकड अफिम र चरेस नष्ट गरेका छौं,' सहका प्रान्तीय निर्देशक मोहमद युनुसले बताए । अवैध बालीविरुद्धको यस्तै कारबाहीमा प्रहरीले केही साताअघि तीन प्रदेशमा करिब ६०० एकड खेती नष्ट गरेको थियो । अफगान *रासस/सिन्ह्वा*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PROFESSIONAL BUILDING MATERIALS EST.

पूर्व स्वीकृति मिति २०८०/03/08 | LT. No. 288067 | चलानी नं. ६०२०३३२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload & Download Agent | 1 | 0 | 1000 | ३४,७०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heating, Ventilation & Air Conditioning Technician | 1 | 0 | 2500 | ८६,७४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १३ गते (28th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.५३५/०६१/०६२

**Elite Gurkhas Overseas Pvt. Ltd.**
Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621,4016638
Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SYARIKAT TENAGA (GEMAS) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/03/08 | LT. No. 288081 | चलानी नं. ६०२०३४५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १३ गते (28th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

BIGYAN Govt. License 1503/074/75

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477, 9801085037,9851004013

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : STS ALBARAKAH CLEANING SERVICES SDN BHD.

पुर्व स्वीकृति मिति २०७९/04/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/03/05 | LT. No. 269075 | चलानी नं. ६०१८५०३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaning Service | 53 | 0 | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : ACTIVE NETWORK SECURITY SERVICES SDN. BHD.

पुर्व स्वीकृति मिति २०७९/10/05 | पुन विज्ञापन स्वीकृति मिति २०८०/03/05 | LT. No. 279648 | चलानी नं. ६०१९५२७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 23 | 0 | 1500 | ४२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार १३ गते (28th June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४५४/०७४/०७५

**All-Solution Employment Service Pvt. Ltd.**
Basundhara-03, Kathmandu Nepal, Ph No: + 01-5903078, 015903079, 9849442132, E-mail : info@allsolution.com.np

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**पूर्वाधार विकास कार्यालय**
नुवाकोट

**तादी ०३ जलविद्युतबाट पञ्चकन्या ०४ स्वारँबेशी जोड्ने तादी खोला पुल (७० मि.), नुवाकोट जिल्लाको निर्माण कार्यको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति: २०८०/०३/०६

बागमती प्रदेश, नुवाकोट जिल्लाको म्यागङ गाउँपालिका र धादिङ जिल्लाको नीलकण्ठ नगरपालिकामा पूर्वाधार विकास कार्यालय, नुवाकोटद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, नुवाकोट, बागमती प्रदेश |
|---|---|
| प्रस्तावको व्यहोरा | तादी ०३ जलबिद्युतबाट पञ्चकन्या ०४ स्वारँबेशी जोड्ने तादी खोला पुल (७० मि.), नुवाकोट जिल्ला<br>दाँया किनार: तादी गा.पा.- २, कोसगाढे; बाँया किनार: पञ्चकन्या गा.पा.-४, थाप्रेक<br>पुलको लम्बाई: ७० मि.; क्यारिजवे चौडाई: ६.० मि.; फुटपाथको चौडाई: १.२ मि. (दुबै छेउ); |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा./गा.पा र वार्ड | नुवाकोट जिल्ला तादी गा.पा.- २ र पञ्चकन्या गा.पा.-४, थाप्रेक |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनि या यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय-सुझावको लागि ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | पूर्वाधार विकास कार्यालय, नुवाकोट; फोन: ०१०-५६०८५९;<br>ईमेल: idonuwakot@bagamati.gov.np |
| परामर्शदाताको नाम र ठेगाना | हाइड्रोकोन नेपाल प्रा.लि., संखमुल, काठमाडौं; सम्पर्क : ९८५१२२४७३४;<br>इमेल: nepal.hydrocon@gmail.com |

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११९८०० | प्रति तोला – ११९२५० | प्रति तोला – १४४० |



असारे रोपाइँ | कञ्चनपुरको भीमदत्त नगरपालिका-११ भुजेलामा रोपाइँ गर्दै स्थानीय किसान। तस्बिरः गोकुल जोशी/रासस

# दोहोरो अंकले घटयो नेप्से

**काठमाडौं (प्रस)–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अंकले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २६ दशमलव ५६ अंकले ओरालो लागेर दुई हजार ६४ दशमलव ८३ मा सीमित भएको छ। यस्तै, ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ३६ अंकले ओरालो लागेर तीन सय ८८ दशमलव शुन्य दुईमा सीमित भएको छ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये तीन उपसमूहको सेयर मूल्यमा वृद्धि हुँदा १० उपसमूहको सेयर मूल्यमा भने गिरावट आएको छ। कूल एक करोड सात लाख ९२ हजार सात सय ४२ कित्ता सेयर रु चार अर्ब ११ करोड छ लाख छ हजार नौ सय ५३ मूल्यमा खरिद बिक्री भएका छन्। नेप्सेका अनुसार कारोबारका आधारमा नेपाल पूर्वाधार बैंक शीर्ष स्थानमा छ।

सो बैंकको रु २० करोड ५७ लाख ५३ हजार नौ सय ६१ बराबरको कारोबार भयो। यस्तै, शिवम् सिमेन्ट रु १९ करोड ४४ लाख २७ हजार तीन सय २१, हिमालयन डिस्टिलरी रु १३ करोड ५९ लाख ८८ हजार तीन सय ७८,आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स रु १२ करोड ६० लाख ६९ हजार एक सय ८६ र शिव श्री हाइड्रोपावर रु ११ करोड ५७ लाख दुई हजार दुई सय ३३ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार, सिटी होटल र बीपीडब्ल्यू लघुवित्तको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि हुँदा सकारात्मक सर्किट लाग्यो। त्यस्तै, इन्वा हाइड्रोपावर नौ दशमलव ९७, ग्लोबल आइएमई ब्यालेन्स फण्ड पहिलो तीन दशमलव ८७ र ग्रीन भेञ्चर्स लिमिटेडका लगानीकर्ताले तीन दशमलव ८४ प्रतिशतले कमाएका छन्। यस्तै, युनिक नेपाल लघुवित्त नौ दशमलव ९९,सानिमा इक्विटी फण्ड आठ दशमलव ८९, माहुली लघुवित्त सात दशमलव ४८,मल्टिप्रपोज फाइनान्स छ दशमलव ३० र श्री इन्भेस्टमेन्ट फाइनान्सका लगानीकर्ताले छ दशमलव शून्य एक प्रतिशतले गुमाएका छन्।

# ब्रोकर लाइसेन्स प्रक्रिया खुलाउन अर्थ समितिको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** संघीय संसद् प्रतिनिधिसभा अन्तर्गतको अर्थ समितिले रोकिएको धितोपत्र व्यापारी र धितोपत्र दलाल (ब्रोकर) अनुमति (लाइसेन्स)को प्रक्रिया अघि बढाउन निर्देशन दिएको छ। अर्थ समितिको मंगलबारको बैठकले विधि र प्रक्रिया पुऱ्याएर लाइसेन्स प्रक्रिया अघि बढाउन अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्जलाई निर्देशन दिएको हो।

धितोपत्र दलाल तथा व्यापारीलाई मापदण्ड र विधि पूरा गरी इजाजत दिन निर्देशन दिइएको समितिका ज्येष्ठ सदस्य सन्तोष चालिसेले जानकारी दिए। अर्थ समितिको जेठ २९ गतेको बैठकले धितोपत्र दलाल र धितोपत्र व्यापारीको अनुमति दिँदा न्यूनतम मापदण्ड पूरा गरे/नगरेको विषयमा छानबिन आवश्यक रहेको भन्दै उक्त प्रक्रिया रोकेको थियो।

बोर्डले दिएको लाइसेन्सबारे छानबिन गरी निष्कर्ष नपुगेसम्म इजाजतसम्बन्धी सम्पूर्ण प्रक्रिया तत्काल स्थगित गर्न अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जलाई निर्देशन दिने निर्णय समितिको जेठ २९ गतेको बैठकबाट भएको थियो।

धितोपत्र बोर्डले जेठ ८ गते सात र जेठ २२ गते ११ गरी १८ वटा कम्पनीलाई धितोपत्र व्यापारी र ब्रोकर लाइसेन्ससमेत दिइसकेको छ। यसरी लाइसेन्स पाइसकेका कम्पनीले न्यूनतम मापदण्ड पूरा गरे/नगरेको बारे अनुसन्धान गर्न आवश्यक रहेको भन्दै अर्थ समितिले प्रक्रिया रोक्न निर्देशन दिएको थियो।

समितिको आजको बैठकमा सदस्यहरूले बजारमुखी अर्थतन्त्रमा प्रतिस्पर्धा, पारदर्शिता र खुल्ला प्रणालीलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने धारणा राखेका थिए।

पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले विधि, प्रक्रिया, कानुन र मापदण्ड पूरा गरेर लाइसेन्स प्रक्रिया अघि बढाउन सुझाव दिए।



त्यस्तै, संसद् र समितिमा उठेका प्रश्नबारे अर्थ मन्त्रालय र धितोपत्र बोर्ड जिम्मेवार तथा जवाफदेही हुनुपर्ने उनको भनाइ छ।

समिति सदस्य एवम् पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले कानुनसम्मत र पारदर्शी ढङ्गले समाजलाई लाभ हुने गरी धितोपत्र बजारलाई गतिशील बढाउन जोड दिए। मुलुकको अर्थतन्त्रको अवस्थाबारे गम्भीर भएर बहस र छलफल गर्न आवश्यक रहेका पनि उनको भनाइ छ।

धितोपत्र बोर्डका अध्यक्ष रमेश हमालले धितोपत्र दलाल व्यवसायीलाई अनुमतिपत्र दिँदा पारदर्शी ढङ्गले दिइएको दाबी गरे। यो प्रक्रियामा कहीँकतै कमजोरी नरहेको र नीतिको कमजोरी देखाएर नियतमा शंका गर्न नहुने उनको भनाइ छ। 'हामी पारदर्शी भएर विद्यमान नीति, कानुनको पालना गरेर इजाजत दिइरहेका छौँ। यो प्रक्रियामा शंका गर्ने कुनै ठाउँ छैन',उनले भने। बोर्डमा विभिन्न क्षेत्रको प्रतिनिधित्व रहेकाले कोही व्यक्ति विशेषको निर्णय नचल्ने उनले स्पष्ट पारे।

धितोपत्र व्यवसायीको लाइसेन्स प्रक्रियालाई यसअघि सर्वोच्च अदालतबाट पनि अघि बढ्न फैसला भइसकेको छ। सर्वोच्च अदालतको गत चैत २६ गतेको फैसलाले नयाँ स्टक कम्पनी, कमोडिटी मार्केट र धितोपत्र कारोबारका लागि नयाँ दलाल व्यवसायी (ब्रोकर) लाइसेन्स जारी गर्न बाटो खुलेको थियो।

धितोपत्र बोर्डले गत असोज २ गते नयाँ स्टक र धितोपत्र दलाल व्यापारीको अनुमतिपत्रका लागि पहिलोपटक आवेदन मागेको थियो। बोर्डको उक्त निर्णयविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्ज समेतलाई विपक्षी बनाई अधिवक्ता दीपकविक्रम मिश्रले गत असोज ३१ गते सर्वोच्च अदालतमा मुद्दा दायर गर्नुभएको थियो। तर उक्त मुद्दा सर्वोच्चको चैत २६ गतेको फैसलाले खारेज गरेपछि धितोपत्र बोर्डले चैत ३० गते सूचना जारी गर्दै वैशाख १० गतेसम्म आवेदन दिइसक्न भनेको थियो।

यस बीचमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनपछि नयाँ स्टक लाइसेन्स प्रक्रिया भने रोकिएको छ। धितोपत्र बजारको विकास तथा विस्तारका लागि नयाँ स्टक एक्सचेन्ज तथा कमोडिटी मार्केट खोल्नुपर्ने र थप ब्रोकर लाइसेन्स खुलाउनुपर्ने बोर्डले बताउँदै आएको छ।

धितोपत्र कारोबारको सेवा तथा गुणस्तर स्वच्छ, निष्पक्ष, पारदर्शी र प्रतिस्पर्धी बनाई सर्वसाधारण लगानीकर्ताको पहुँच अभिवृद्धि गर्न धितोपत्र दलाल तथा धितोपत्र व्यापारी थप गर्न लागिएको बोर्डको भनाइ छ। चालु आर्थिक वर्ष २०७९/८० को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी नीति तथा कार्यक्रममा पनि धितोपत्र बजारलाई देशव्यापी बनाउन वित्तीयरूपले सबल नयाँ धितोपत्र दलाल व्यवसायीको संख्या थप गरिने उल्लेख छ।

करिब १५ वर्षअघिदेखि नै नयाँ स्टक खोल्ने विषय चर्चाको आएको थियो। नयाँ स्टक एक्सचेन्ज सम्बन्धमा अध्ययन गरी सिफारिस गर्न नेपाल धितोपत्र बोर्डका तत्कालीन बोर्ड सदस्य लालमणि जोशीको संयोजकत्वमा एक समिति गठन भएको थियो।

जोशी संयोजकत्वको अध्ययन समितिको सुझाव प्रतिवेदनमा 'नेपालको धितोपत्र बजार तथा लगानीको हितलाई हेरी थप एउटासम्म स्टक एक्सचेन्ज स्थापना गर्न अनुमति प्रदान गर्न उपयुक्त हुने र आधुनिक स्टक एक्सचेन्जका लागि आवश्यक अन्तरराष्ट्रिय प्रचलन तथा विज्ञहरूको सुझाव समेतका आधारमा स्टक एक्सचेन्ज स्थापना र सञ्चालन गरी बजारलाई योगदान गर्न सक्ने मापदण्डभित्र पर्नेलाई स्टक एक्सचेन्ज सञ्चालन अनुमतिपत्र प्रदान गर्न उपयुक्त हुने' उल्लेख छ।

त्यसैगरी, २०७४ वैशाख २६ गतेको धितोपत्र बोर्डको बोर्ड बैठकले धितोपत्र बजार सञ्चालन नियमावली २०६४ को अधिनमा रही एक नयाँ स्टक एक्सचेन्ज सञ्चालन गर्न अनुमति दिने सम्बन्धमा सैद्धान्तिक सहमति दिएको देखिन्छ। सोही बैठकले नयाँ स्टक एक्सचेन्ज सञ्चालन गर्न अनुमति दिने सम्बन्धमा आवश्यक मापदण्ड तथा प्रक्रिया तयार गरी पेस गर्न बोर्डको व्यवस्थापनलाई निर्देशन दिएको थियो।

यस्तो मापदण्ड तयार भएपछि धितोपत्र बोर्डको २०७४ भदौ १५ गतेको बैठकबाट 'नयाँ स्टक एक्सचेन्ज प्रवेश गराउने सम्बन्धमा नेपाल सरकार, अर्थमन्त्रालयको समेत सहमति लिई अगाडि बढ्न उपयुक्त हुने भएकाले अर्थ मन्त्रालयको सैद्धान्तिक सहमतिका लागि प्रस्ताव पेस गर्ने' निर्णय भएको देखिन्छ।

## कर्पोरेट

### कुमारी बैंकद्वारा चुमनुब्रीमा सामाजिक सुरक्षा भत्ता वितरण




**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले आफ्ना ग्राहकहरूको सेवा-सुविधालाई मध्यनजर गर्दै सडकको पहुँच नपुगेको स्थानमा भौतिक रूपमा नै सहयोग पुऱ्याउने अभिप्रायले चुमनुब्री गाउँपालिकामा हेलिकप्टर चार्टर गरेर सामाजिक सुरक्षा भत्ता पुऱ्याउने कार्य सम्पन्न गरेको छ। नेपालको विकट स्थानमा रहेको गोरखाको चुमनुब्री क्षेत्रमा हालसम्म सडकको राम्रो पहुँच नपुगेको कारणले सामाजिक सुरक्षा भत्ता लिनका लागि वृद्ध तथा अन्य सबैले दुई देखि तीन दिनको बाटो हिँड्नुपर्दछ। यही कष्टलाई मध्यनजर गर्दै कुमारी बैंक लिमिटेडले मिति २०८० जेठ ३ गतेका दिन काठमाडौंदेखि चुमनुब्रीसम्म हेलिकप्टर चार्टर गरी सामाजिक सुरक्षा भत्ता पुऱ्याउने कार्य सम्पन्न गरेको छ।

कुमारी बैंक लिमिटेडले चुमनुब्री गाउँपालिकामा आफ्ना ग्राहकहरूका लागि चौर्तफी रूपमा सेवा-सुविधा पुऱ्याउने कार्यलाई निरन्तरता दिने कुराको प्रतिबद्दता जनाएको छ।

विगत २२ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा, ४८ एक्सटेन्सन काउन्टर, २९६ ए.टि.एम. तथा ६३ शाखा रहित बैंकिङ्ग ईकाई सहितका सञ्जालहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ।

### नबिल बैंकका ग्राहकलाई र्‍याडिसनमा १० प्रतिशत छुट




**काठमाडौं (प्रस)–** नबिल बैंकका ग्राहकलाई र्‍याडिसन होटलमा १० प्रतिशत छुट हुने भएको छ। बैंक र होटल बिच भएको सम्झौता पछि ग्राहकले डिस्काउन्ट पाउने भएको हो। उक्त सम्झौता अन्तर्गत नबिल बैंकका ग्राहकहरूले र्‍याडिसन होटल काठमाडौंमा खाना तथा पेय पदार्थमा १० प्रतिशत तथा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको र्‍याडिसन एयरपोर्ट लाउन्जको कूल बिल (कर बाहेक) मा पनि १० प्रतिशत छुट प्राप्त गर्न सक्नेछन्। नबिलका ग्राहकले बैंकको प्रिभिलेज कार्डमा उक्त सुविधा प्राप्त गरी यो सुविधा लिन सक्ने जनाइएको छ। नबिल बैंकले हाल देशका सात वटै प्रदेशमा रहेका २५५ शाखा कार्यालयहरू र १८ विस्तारित शाखा कार्यालयहरू मार्फत सेवा उपलब्ध गराउँदै आएको छ।

# सुर्तीजन्य पदार्थको कर बढाउने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत सुर्तीजन्य पदार्थको कर बढाउने प्रस्ताव मन्त्रिपरिषद् बैठकमा लैजाने बताएका छन्। मन्त्रालयमा नेकपा (एमाले)को स्वास्थ्य तथा जनसंख्या विभागका पदाधिकारीद्वारा प्रस्तुत ज्ञापनपत्र बुझ्दै उनले चाँडै नै सुर्तीजन्य पदार्थमा लाग्ने कर बढाउने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने बताएका हुन्। मन्त्री बस्नेतले सुर्तीजन्य पदार्थको करबाट संकलित रकम देशभरिका गरिबीको उपचारका लगाउने जानकारी दिए।

'विश्व स्वास्थ्य सङ्गठनले निर्धारण गरेको भन्दा हामीले अहिले कम कर लिइरहेका छौँ', उनले भने, 'सुर्तीजन्य पदार्थमा कर बढेपछि महँगो हुने भएकाले उपभोग कम हुन्छ तर पनि जति उपभोग हुन्छ सोही बमोजिम कर पनि उठछ र सोही करबाट गरिब तथा विपन्न नागरिकका लागि अक्षय कोष (बास्केट फन्ड) राखेर उपचार गर्नुपर्दछ। सुर्तीजन्य पदार्थको कर बढाउनै पर्दछ।'

ठूलो संख्या चिकित्सक र नर्स पलायन भएकामा मन्त्री बस्नेतले चिन्ता व्यक्त गर्दै उनीहरूलाई स्वदेशमा नै सेवा गर्ने वातावरण तयार गर्ने बताए। उनले विदेशमा गएर पनि चिकित्सक र नर्सले भनेजस्तो तलब सेवासुविधा नपाएको समेत उल्लेख गरे।

सबै अस्पतालमा कूल शय्याको १० प्रतिशत शय्या पूर्णरूपमा निःशुल्क गर्न निर्देशन दिइसकेको भन्दै मन्त्री बस्नेतले यदि अस्पतालले निर्देशन कार्यान्वयन नगरे कारबाही गर्नेसमेत बताए। उनले मन्त्रालयका आठ सय कर्मचारी काजमा विभिन्न ठाउँमा गएकामा तिनलाई फिर्ता ल्याउने प्रयाससमेत गरिरहेको जानकारी गराए।

एमाले स्वास्थ्य विभागका प्रमुख तथा सांसद कृष्णगोपाल श्रेष्ठले मन्त्री बस्नेतलाई गुणस्तरीय स्वास्थ्य सेवा नागरिकलाई पुऱ्याउनका लागि विभिन्न ११ बुँदे ज्ञापनपत्र बुझाएका थिए। ज्ञापनपत्रमा अस्पतालले १० प्रतिशत बिरामीलाई निःशुल्क उपचार गर्नुपर्ने, विभिन्न आठ खालका कडा रोगको उपचारलाई सहज बनाउनुपर्ने, स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने, तीन सय ९६ स्थानीय तहमा आधारभूत अस्पताल निर्माणमा तीव्रता दिनुपर्ने माग राखिएको छ।

यस्तै अस्पतालमा शल्यक्रिया, डाइलाइसिसलगायत सेवा सर्वसुलभ बनाउनुपर्ने, जनशक्तिको उचित व्यवस्थापन गर्नुपर्ने, कर्मचारीलाई जथाभावी सरुवा गर्न नहुने, फाजिलमा रहेका तथा समायोजन नमिलेका सम्पूर्ण स्वास्थ्यकर्मीलाई जिम्मेवारीसहित रिक्त स्थानमा पुनः मिलान गर्नुपर्ने, संघीय स्वास्थ्य सेवा ऐन तथा जनस्वास्थ्य सेवा ऐन तत्काल ल्याउनुपर्ने, स्वास्थ्यकर्मीको सुरक्षा व्यवस्थालाई भरपर्दो बनाउनुपर्ने ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्सप्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्णबहादुर कार्की, **सम्पादक**: विष्णु तामाङ